**सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व**

- सूचनाको हकको सम्मान र संरक्षण,
- सूचनाको अद्यावधिक र सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शी कार्यसम्पादन,

सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हक अधिकार सुनिश्चित गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com

**जनहितमा जारी सन्देश**

- वर्षाका बेला टाढाको यात्रा गर्दा बाटो तथा गन्तव्यको मौसमसम्बन्धी जानकारी लिएर मात्र हिंडौं,
- यात्राका लागि उपयुक्त सवारी साधन छनोट गरौं,
- खाना, नाश्ताको सकभर इन्तजाम गरेरै टाढाको यात्रामा निस्कौं,
- सवारीसाधनमा रहँदा हावाहुरी चलेमा क्षति कम गर्न सुरक्षित ठाउँ खोजौं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ भदौ १० गते सोमवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2024 August 26 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९

## महानगरसमेत १२ वटा पालिकामा कित्ताकाट गर्न रोक


प्रमोद यादव, पंचगावाँ, ९ भदौ/

भूमिसुधार तथा मालपोत कार्यालय, पर्साले आइतवारदेखि पर्सा जिल्लाका १२ वटा पालिकामा जग्गा कित्ताकाट गर्न रोक लगाएको छ ।

सरकारले यही साउन १ गतेसम्म भूउपयोग नियमावली अनुसार कृषि, गैरकृषि जग्गाको वर्गीकरण अद्यावधिक गर्नुपर्ने प्रावधान राखेकोमा पर्सा जिल्लाका वीरगंज महानगरपालिका, दुईवटा नगरपालिका र नौवटा गाउँपालिकाले सरकारको निर्देशन अनुसार जग्गाको वर्गीकरण अद्यावधिक नगरेका कारण आजबाट कित्ताकाट रोकेको भूमिसुधार तथा मालपोत कार्यालय, पर्साका प्रमुख डमरु निरौलाले बताए ।

उनले यही साउन १ गतेसम्म सबै पालिकाले आआफ्नो क्षेत्रको जग्गा भूउपयोगी नियमावली अनुसार कृषि, गैरकृषि छुट्याएको विवरण अद्यावधिक गर्नुपर्नेमा सो नगरेको कारण कित्ताकाट रोकिएको बताए । सरकारले २०७९ जेठमा जग्गाको वर्गीकरण गरेर





भूमिसुधार तथा मालपोत कार्यालय
सूचना

भूउपयोगी नियमावली अनुसार कृषि, गैरकृषि अन्तर्गत औद्योगिक, कृषि, आवासीय, सामाजिक, नदी, पोखरी गरी सातवटा क्षेत्रमा वर्गीकरण गर्नुपर्ने प्रावधान राखेको थियो ।

यो प्रावधान अनुसार पालिकाहरूले वार्षिकरूपमा असार मसान्तसम्म अद्यावधिक गर्नुपर्नेमा सो नगरेका कारण अहिले वीरगंज महानगरपालिका, पोखरिया, पर्सागढी नगरपालिका, सखुवाप्रसौनी, ठोरी, जीराभवानी, कालिकामाई, जगरनाथपुर, पटेर्वासुगौली, धोबिनी, छिपहरमाई र पकाहामैनपुर गाउँपालिका गरी १२ वटा पालिकामा जग्गा कित्ताकाट गर्न रोकिएको छ ।

बहुदरमाई नगरपालिका र विन्ध्यवासिनी गापाले पूर्ण वर्गीकरण नक्शा पेश गरिसकेको हुँदा ती दुई पालिकामा जग्गा कित्ताकाट भने यथावतरूपमा जारी रहेको प्रमुख निरौलाले बताए । उनले कित्ताकाट रोकिएका १२ वटा पालिकामा अंशबन्डा, अंश भरपाई र मोहीको बाँडफाँट भने यथावत् रहने तर खरीद-बिक्री पूर्णरूपमा बन्द भएको बताए ।

## लोसपा मधेसी हकअधिकारको लागि सङ्घर्षशील -उपाध्यक्ष कुर्मी



तस्वीरः प्रतीक

प्रस, वीरगंज, ९ भदौ/

लोकतान्त्रिक समाजवादी पार्टीको तेस्रो वार्षिकोत्सव वीरगंजमा मनाइएको छ । वीरगंज महानगर-२५ श्रीसियामा प्रदेशसभा सदस्य एवं पार्टीका उपाध्यक्ष रमेशप्रसाद कुर्मीले लोसपाले मधेसको हकअधिकारको लागि निरन्तर सङ्घर्ष गर्दै आएको बताए ।

उनले मधेसी जनताको हकअधिकारको लागि निरन्तर सङ्घर्ष गर्दै आएकोले यो पार्टीप्रति आम मधेसीको आशा र भरोसा रहेको दाबी गरे । उनले पार्टीमा एकजुट भएर अगाडि बढ्न कार्यकर्ताहरूलाई सुझाए ।

लोसपा पर्साका अध्यक्ष पुरुषोत्तमलाल झाले पार्टीले हकअधिकारको लागि सङ्घर्ष गर्दै आएकामा अझ सशक्त बनाउन सबैलाई आग्रह गरे । उनले स्थापना दिवसको अवसरमा सबैलाई शुभकामना पनि दिए ।

पार्टीका वीरगंज महानगर अध्यक्ष शेख फिरोजले स्वागत गर्दै लोसपाका गतिविधिहरूलाई प्रभावकारी ढङ्गले अगाडि बढाउने बताए । कार्यक्रममा लोसपाका नेताहरू मौलाना साबिर अन्सारी, रेखा घिमिरे, उषा श्रीवास्तव, लालबाबू प्रसाद, वडाध्यक्ष जयप्रकाश अग्रवाललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## समस्तीपुरमा दुर्घटना, दर्जनौं नेपाली घाइते

नितेश कर्ण, वीरगंज, ९ भदौ/

भारतको बिहार, समस्तीपुर


तस्वीरः सौजन्य

जिल्लामा नेपालीहरू सवार बस दुर्घटना हुँदा ४७ जना यात्री घाइते भएका छन् ।

बारा जिल्लाबाट बोलबम तीर्थयात्री बोकेर देवघरतर्फ जाँदै गरेको ना.७ख ६४४६ नम्बरको बस आइतवार बिहान समस्तीपुरको एनएच-२८ राजमार्गमा दुर्घटना भएको थियो । बसलाई शनिवार राति पछाडिबाट एउटा ट्रकले ठक्कर दिंदा अनियन्त्रित भएर पल्टिएको थियो । दुर्घटनामा ४७ जना यात्री घाइते भएकामा पाँचजनाको अवस्था गम्भीर रहेको भारतीय प्रहरीले जनाएको छ । उनीहरूको मुसरीघरारी अस्पताल र निजी क्लिनिकहरूमा उपचार भइरहेको छ ।

बसमा २५ महिला र ६ बालबालिकासहित ४७ जना तीर्थयात्री सवार थिए । जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता प्रकाश सापकोटाका अनुसार गम्भीर घाइतेमा देवनारायण पण्डित, सुबोध साह तेली र नौ वर्षीया बालिका रहेका छन् । ना.७ख ६४४६ नम्बरको देवदर्शनको सो बसलाई ट्रकले पछाडिबाट ठक्कर दिंदा उक्त दुर्घटना भएको भारतीय सुरक्षाकर्मीले जानकारी दिएको उनले बताए । सबै तीर्थयात्री बिहारको देवघर बाबाधाम तीर्थाटनका लागि गएका थिए ।

बस दुर्घटनामा परेका सबै बारागढी गाउँपालिका-३ मूर्तिपलियाका रहेको जानकारी पाइएको प्रनाउ सापकोटाले बताए ।

भारतका विभिन्न तीर्थस्थलको दर्शन गर्न उक्त बस शनिवार बिहान ११ बजे रक्सौल नाका हुँदै भारत प्रस्थान गरेको थियो । त्यसअघि उनीहरूले गाउँमा सामूहिक पूजापाठसमेत गरेका बताइएको छ । सो बस बारागढी-१ का राजाराम साहको रहेको प्रहरीले जनाएको छ ।

## पोखरियाको विकासको लागि मन्त्री गुप्तालाई ज्ञापन

प्रस, वीरगंज, ९ भदौ/

पोखरिया अस्पतालको स्तरोन्नति र मालपोत, भूमिसुधार, जिल्ला प्रशासन कार्यालयको सेवा केन्द्रको माग गर्दै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्तालाई आइतवार ज्ञापनपत्र बुझाइएको छ ।

मधेस प्रदेशका युवा तथा खेलकूदमन्त्री प्रमोद जयसवालको सहभागितामा स्थानीय नेता नेजामुद्दीन समानीले मन्त्री गुप्तालाई आइतवार उनकै मन्त्रालयमा ज्ञापन बुझाएका हुन् ।

मधेस प्रदेश सरकारले



तस्वीरः सौजन्य

२०७६/१२/२८ मा पोखरिया अस्पताललाई ५० शय्याको प्रादेशिक अस्पताल बनाउने निर्णय अहिलेसम्म

(बाँकी पाँचौं पातामा)

## जग्गा बिक्रीमा

वीरगंज-११ राधेमाई टोलको प्रसौनी जाने बाटोसँग जोडिएको करीब ५ कट्ठा जग्गा बिक्रीमा रहेको छ । सम्पर्क मोबाइल नं : ९८१६२४९७००




## नेपाली "विमल ब्राण्ड" को हार्मोनियम उत्पादन गर्दै सर्लाहीका विमल

प्रस, निजगढ, ९ भदौ/

नेपाली "विमल ब्रान्ड"को हार्मोनियम (बाजा) गीत, सङ्गीत क्षेत्रको विश्व बजारमा फैल्याउने कार्यमा विगत अढाई वर्षदेखि निरन्तर प्रयासरत छन्- हाल काठमाडौं बस्दै आएका ३४ वर्षीय विमल साह । उनको मूल घर र जन्म स्थान भने ईश्वरपुर नगरपालिका-१३ श्रीनगर सर्लाही हो ।

गाउँकै जनता मावि श्रीनगरबाट २०६२ सालमा एसएलसी परीक्षा उत्तीर्ण गरेर उच्च शिक्षाका लागि काठमाडौं पसेका उनी काठमाडौं बस्दै आएका दिदी-भिनाजुको घर र पसलमा सघाउन थाले । त्यस बेला काठमाडौंमा हार्मोनियम मरम्मत गर्ने शायद उनका भिनाजु सीताराम साहको मात्रै पसल असनमा थियो । जुन अहिले पनि छ । उनले आइए उत्तीर्णपछि स्नातक तह अध्ययन गर्दागर्दै हार्मोनियम (बाजा)को डिजिटल सुर अर्थात् टचुनिङको तालीम लिन २०६५ सालमा कोलकाता गए । उनले दुई वर्षको उक्त कोर्ष पूरा गरी नेपाल फर्की हार्मोनियमको काममा पुनः तल्लीन भए । अहिलेसम्म हार्मोनियमको डिजिटल सुर अर्थात् टचुनिङ गर्ने एकमात्र प्राविधिक विमल साह हुन् ।

उनका भिनाजुको पसलमा त्यस बेलाका जल्दाबल्दा गीत, सङ्गीतका कलाकारहरू स्वरसम्राट नारायण गोपाल, गोपाल योञ्जन, अमर गुरुङ, प्रेमध्वज प्रधान, गणेश परियार, तारादेवी, तारा थापाजस्ता ख्यातिप्राप्त


तस्वीरः प्रतीक

कलाकारहरूको हार्मोनियम मरम्मत र सुर अर्थात् टचुनिङ गर्न आउँथे । भिनाजुको पेशाबाट प्रभावित भई सोही पेशा पच्छाउँदै लगभग १२ वर्षदेखि उनले छुट्टै हार्मोनियम मरम्मत र बिक्री गर्न थालेका छन् । जुन पेशा अहिले पनि काठमाडौंको सिनामङ्गलमा छ । अहिले उनलाई नेपालका चल्तीका गायक गायिकाहरूले युवा हार्मोनियम डाक्टर साहेब भनेर सम्बोधन गर्छन् ।

सरल, मिजासिला स्वभावका धनी विमलले हार्मोनियम मरम्मत गर्ने र भारतबाट उत्पादित हार्मोनियम बिक्री गर्ने मात्र नभई नेपाली 'विमल ब्रान्ड' को हार्मोनियमको व्यावसायिकरूपमा उत्पादन गरी नेपालको पहिलो हार्मोनियम उत्पादन कम्पनी सञ्चालन गर्दै छुट्टै पहिचान बनाएका छन् । उनले कम्पनी शुरू गरेको अढाई वर्षमा नै एक हजारभन्दा बढी हार्मोनियम बिक्री भइसकेको जानकारी दिए । हार्मोनियम बनाउने कालिगड भारतबाट आउने र बनाइसकेपछि पुनः भारत फर्कने गरेको उनले बताए ।

आफ्नो कम्पनीबाट उत्पादन भएका हार्मोनियमले विश्व बजार छाउन सकोस् भन्दै उनले दिनरात अथक मेहनत पनि गरिरहेका छन् । नेपाल, भारत, अमेरिका, अस्ट्रेलियालगायत देशमा पनि आफ्नो ब्रान्डका हार्मोनियमहरू बिक्री भइरहेको हँसिलो मुद्रामा उनले बताए ।

"मलाई लाग्छ । कुनै पनि राम्रो कामको प्रचार हुन समय लाग्छ । तर यो छोटो समयमा पनि जति प्रचार भएको छ, आसलाग्दो छ"- उनले भने । अहिले आर्थिक मन्दीका बेलामा पनि महीनाको कम्तीमा ७० देखि डेढ सयसम्म हार्मोनियम बिक्री भइरहेको उनले बताए ।

नेपालमा गीत, सङ्गीत क्षेत्रमा केही गरौं भनेर आएका नयाँ पुस्ताका कलाकारहरू धेरै विदेशिएका छन् । यसरी जति युवायुवती विदेशिएका छन्, उनीहरूले विदेशमा राम्रो कमाइ गर्न थालेपछि हार्मोनियम अर्डर गर्ने गरेको उनले बताए ।

"अमेरिका, लन्डन, अस्ट्रेलिया, दक्षिण कोरिया, हङकङ, दुबई, मलेशियालगायत धेरै देशबाट नेपाली कलाकारले अर्डर गर्ने गर्छन् । सोही अनुसार पठाउने गरेको छु"- विमलले भने । विदेशमा मात्र होइन, देशभरका जुनसुकै कुनामा अर्डर अनुसार होम डेलीभरी गर्दै आइरहेको उनले बताए ।

हार्मोनियम भनेर मात्रै हुँदैन । राम्रो साउन्ड आउने, सुर अर्थात् टचुनिङ मिलेको हुनुपर्ने उनी बताउँछन् । गुणस्तरीय हार्मोनियमको सुर अर्थात् टचुनिङ पनि खस्किन्छ । अनि बेसुरा बज्न थाल्छ । त्यसैले समयसमयमा सुर अर्थात् टचुनिङ गर्नुपर्छ उनी भन्छन् । झनै सस्तो मूल्यको हार्मोनियममा चाँडै

(बाँकी पाँचौं पातामा)

## विचारसार र सूक्तिहरू

**आफूले माया गरेको व्यक्तिलाई दिन सकिने एकमात्र उपहार हो, प्रार्थना ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# जनलोकपाल आयोग

**मधेस प्रदेश सरकारले जनलोकपाल आयोग गठन गरेको तीन वर्ष भयो । प्रदेशमा सुशासन कायम गर्ने उद्देश्यले गठित यस आयोगले देखाउन लायक एउटा पनि काम गर्न सकेको छैन । आवश्यक स्रोतसाधन एवं जनशक्तिको अभावमा काम गर्न नसकिएको आयोगका अध्यक्ष रामसहाय राय यादवले खुलासा गरेका छन् । प्रदेश सरकारले नै आयोग सक्षम होस् भनेर नचाहेको अध्यक्ष यादवको आरोप छ । जनलोकपाल आयोगका लागि वार्षिक करीब तीन करोड रुपैयाँ खर्च भइरहेको देखिन्छ । आयोगलाई जनगुनासो सम्बोधन गर्ने अधिकार दिइएको थियो, जसले जनताका गुनासा र मुद्दाहरूलाई निष्पक्ष तरीकाले सम्बोधन गरी प्रशासनिक प्रक्रियामा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नुपर्ने थियो । यति महत्त्वपूर्ण उद्देश्यले स्थापित आयोगलाई आवश्यक स्रोतसाधन र जनशक्ति उपलब्ध नगराइनुले प्रदेश सरकारमाथि गम्भीर प्रश्न खडा हुनु स्वाभाविक हो ।**

**नेपालको संविधानको अनुसूची ६ मा प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने विषयहरूको सूची दिइएको छ । जसमा कानून बनाउने, प्रशासनिक र न्यायिक सुधार गर्ने, जनगुनासा सम्बोधन गर्नेलगायतका विषयहरू समावेश छन् । यस आधारमा प्रदेश सरकारले जनलोकपाल आयोग जस्ता निकायहरू गठन गर्न सक्ने अधिकार छ । सङ्घीय व्यवस्थाका लागि मधेसले अग्रणी भूमिका निर्वाह गरेको हुँदा संविधानप्रदत्त अधिकार प्रयोग गर्न तथा व्यवहारमा ल्याउने सवालमा पनि मधेस अन्य प्रदेशभन्दा केही अगाडि देखिएको हो । सङ्घीयतासम्बन्धी संवैधानिक अधिकार प्रयोग गर्नकै लागि जनलोकपाल आयोग गठन गरिएको हो । प्रदेशको विशिष्ट आवश्यकताहरूलाई प्रदेशकै स्तरबाट सम्बोधन गर्न आवश्यक हुन्छ । सङ्घीय निकायहरूले सधैं स्थानीय समस्याहरू समाधानका लागि समयमैं र प्रभावकारी काम गर्न सक्दैनन् । प्रदेशस्तरीय आयोगले स्थानीयस्तरमैं समस्या समाधान गर्न सजिलो हुन्छ । त्यसैगरी, सुशासन प्रवर्द्धनका लागि प्रदेशमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न आफूले आफैंलाई नियमन गर्ने निकाय जरुरी थियो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका सङ्घीय निकायहरूले देशभरिका गुनासा र मुद्दाहरूलाई हेर्ने हुँदा धेरैजसो स्थानीय मुद्दाले त्यहाँ प्राथमिकता पाइरहेका हुँदैनन् । जनलोकपाल आयोग प्रदेशभित्रका मुद्दाहरूलाई प्राथमिकता दिएर छिटो समाधान गर्न सक्ने विश्वासका साथ गठन गरिएको थियो ।**

**आयोगलाई सक्रिय नगराइनुमा विभिन्न पक्षको भूमिका छ । मधेसमा पछिल्लो तीन वर्षको अवधिमा तीनजना मुख्यमन्त्री बने । जसले आयोग स्थापना गर्‍यो, उसको विचारसँग पछिल्ला नेतृत्वकर्ताहरूको विमति हुन सक्छ । त्यसैले यसलाई सक्रिय गराउन आवश्यक ठानिएन । अर्को के पनि हो भने आफू बाँधिने आयोगलाई किन सक्रिय गराउने ? मधेसका सत्तासञ्चालकहरूमा यही भाव पलाएको हुन सक्छ । बाह्य दबाब तथा असहयोगको भूमिका पनि त्यत्तिकै छ । जनलोकपाल सक्रिय भएमा अन्य केन्द्रीय निकायहरूको पहुँच कमजोर हुँदै जानेछ । यसले सङ्घीय र प्रदेश स्तरका केही निकायहरूको कार्यभारमा परिवर्तन ल्याउन सक्छ, केही निकायहरूको कार्यक्षेत्रमा हस्तक्षेप हुन सक्छ । यसर्थ त्यस्ता एकाइ र नेतृत्वकर्ताहरूको असहयोग र निरुत्साहन रहने नै भयो । अझै पनि आयोगलाई सक्रिय बनाउन मधेस सरकार लागिपर्‍यो भने यसले मुलुकमा एउटा नयाँ प्रयोग र अनुभव हुनेछ ।**

# दोषी को ? शिक्षक कि व्यवस्था

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**विद्यार्थी शिक्षकको अनुपात कागजमा मात्र सीमित छ । आज आवश्यकता छ सरकारी शैक्षिक व्यवस्थामा सुधार । सरकारी विद्यालयहरूमा सुधार भयो भने देशले फडको मार्नेछ अन्यथा एक दिन 'साँप पनि मर्ने लठ्ठी पनि नभाँचिने' भनाइ सही साबित हुनेछ ।**

विश्व बदलिंदै छ । बदलिंदो विश्व अनुरूप नै देशको शिक्षा नीतिमा पनि परिवर्तन ल्याउने प्रयास हुँदै गरेको छ । यसपटक सरकारले एस.एल.सी.मा अक्षराङ्कन पद्धति प्रयोग गरेको छ । सरकारी शिक्षकहरूलाई सरकारले तलब भत्तासमेत बढाएको छ । उनीहरूको दक्षता विकासका लागि थुप्रै प्रशिक्षण दिएको छ तर पनि सरकारी शिक्षामा परिवर्तन आएको देखिंदैन । आज पनि त्यहाँ परम्परागत शैलीमैं शिक्षण भइरहेको छ । यहाँसम्म कि सरकारी विद्यालयले गति नलिनुको दोष शिक्षकहरूमाथि थुपार्ने काम भएको छ। शिक्षकहरू केटाकेटीहरूको भविष्यप्रति जिम्मेवार र जवाफदेह हुन सक्लान् तर फितलो सरकारी व्यवस्थाको जिम्मेवार उनीहरूलाई कसरी बनाउन सकिन्छ ? व्यवस्थाको लागि शिक्षकहरूलाई दोष दिनु उनीहरूप्रति अन्याय हो। वास्तवमा भन्ने हो भने सरकारी विद्यालयहरूमा सुधार देखा नपर्नु प्रणालीको दोष हो ।

लामो अवधिदेखि विद्यालयमा अनुपस्थित बस्ने शिक्षक, शुक्रवार र आइतबार घरबाट आउनेजाने शिक्षक, व्यवस्थापन समितिको चाकरी गर्ने शिक्षक, राजनीतिक दलको झोला बोक्ने शिक्षक, नेता शिक्षक वा कुनै अन्य प्रकारको शिक्षक विद्यालयमा बसेर किन राम्ररी काम गर्दैनन् ? विद्यालयको तलब खाएर पनि किन विद्यार्थीहरूको भविष्यसँग खेलवाड गर्छन् ? यी सबै कुराले व्यवस्थाको पोल खोलिरहेको हुन्छ। जनप्रतिनिधि, सरकार वा जो कोही यसका लागि शिक्षकहरूलाई मात्र जिम्मेवार ठहराउँछन् । शिक्षकहरूको पनि जिम्मेवारी हुन्छ। राम्रो वा नराम्रो परिणामका लागि उनीहरूलाई जवाफदेह बनाउनुपर्छ । तर प्रश्न उठ्छ भने के मात्र शिक्षकहरू नै यसका लागि जिम्मेवार छन् वा कुनै अर्को कारक पनि छ ? भुईंसतहमा गएर खोजबीन गर्दा परिस्थितिले अरूथोक नै बयान गर्छ। जुन व्यवस्था शिक्षकहरूमाथि लादिएको छ के त्यसको विश्लेषण गर्नु आवश्यक छैन ?

सरकारी विद्यालयमा पढ्ने विद्यार्थीहरूमध्ये प्रायः गरीब, लक्षित समुदाय, दलित, बाल श्रमिक, पिछडिएका समुदाय, दुर्गम क्षेत्र र उत्पीडित समूहका हुन्छन् । यस समूहका अभिभावकहरू आफ्ना सन्तानमाथि विशेष ध्यान दिन सक्दैनन् । केटाकेटीहरू मात्र विद्यालय र शिक्षकको भरमा विद्यालय आउनेजाने गर्छन् । जहाँ शिक्षक र विद्यार्थी दुवै समस्याग्रस्त छन्, त्यहाँ राम्रो पढाइको कल्पना गर्नु व्यर्थ हो । यस्ता केटाकेटीहरूसँग अर्को के समस्या देखा पर्छ भने यिनीहरूसँगै साना भाइबहिनी पनि विद्यालय आउँछन् जो उनीहरूसँगै कक्षामा बस्छन् । कारण यी विद्यार्थी श्रमिक वर्गका हुन्छन् र आजीविकाका लागि एकाबिहानै घरबाट निस्कन्छन् । घरमा केटाकेटीहरूलाई हेर्ने कोही हुँदैन ।

सरकारी विद्यालयमा पढ्ने विद्यार्थीहरूलाई अनेक प्रकारका सुविधा, जस्तै–पुस्तक, पोशाक र छात्रवृत्तिसमेत प्रदान गरिन्छ । त्यहाँ सरकारले तोकेको पाठ्यक्रमभन्दा बढी न पढ्नुपर्छ, न पढाइन्छ । उनीहरूलाई निजी विद्यालय जस्तो किताब र कापीको भारी बोझा पनि बोक्नुपर्दैन । विद्यालयलाई सही ढङ्गले सञ्चालन गर्न त्यहाँ पढ्ने विद्यार्थीका अभिभावकहरू सामेल रहेको व्यवस्थापन समिति हुन्छ । शिक्षा कार्यालयबाट पनि त्यस्ता विद्यालयहरूको निरीक्षण र अनुगमन भइ नै रहन्छ । समयसमयमा राम्रो गर्ने विद्यालयहरूलाई पुरस्कृत पनि गरिन्छ । हरेक प्रकारको तालीममा जाँदा शिक्षकहरूलाई भत्ता सुविधा पनि दिइन्छ । यस प्रकारको सुविधा निजी विद्यालयमा पढाउने शिक्षकहरू वा विद्यार्थीहरूका लागि कल्पना मात्र हो । यति हुँदाहुँदै पनि सरकारी विद्यालयमा पढाइको वातावरण नहुनुमा दोषी को ?

सरकारी विद्यालयको अर्को समस्या भनेको कहीं विद्यार्थी र शिक्षकको अनुपात मिलेको हुँदैन भने कहीं बढी शिक्षक हुन्छन् । कहीं एउटै विषयका दुई–चार जना हुन्छन् भने कहीं विषयगत शिक्षक नै हुँदैन । शिक्षकको कमीले गर्दा एउटै कक्षामा कोचिएर विद्यार्थीहरू बसेका हुन्छन् । कमजोरी प्रणालीको र दोष शिक्षकलाई दिनु कति उचित हो ? आजभोलि सरकारी विद्यालयलाई आधुनिक बनाउनका लागि कम्प्युटर र इन्टरनेट सुविधा प्रदान गरिंदै छ तर कम्प्युटर चलाउन सिकाउने दक्ष शिक्षक छैनन् । यो व्यवस्थाको दोष हो कि शिक्षकको ? सरकारी विद्यालयहरूमा विषय शिक्षकको कमीका कारण गणित पढाउने शिक्षकले सामाजिक र अङ्ग्रेजी पढाउने शिक्षकले नेपाली पढाउन परिरहेको छ यो कसको दोष हो ? सरकारी विद्यालयमा केटाकेटीहरूका लागि शिक्षा र शिक्षकहरूका लागि व्यवस्था बोझ बन्दै गइरहेको छ । शिक्षाको अधिकार अन्तर्गत शिक्षकको काम यदि पढाउनु मात्र हो भने उनीहरूलाई किन गैरशैक्षिक क्रियाकलापमा संलग्न गराइन्छ ? यसको लागि सरकारले विकल्प किन खोज्दैन ? शिक्षणबाहेक काममा शिक्षकहरूलाई संलग्न गराउने र शिक्षामाथि पर्ने प्रभावको लागि शिक्षकलाई जिम्मेवार ठह्‍र्याउनु कति उचित हो ?

नेताहरूको भाषण र सरकारी नियममा जे उल्लेख भए पनि कार्यान्वयनको भने ठूलो अभाव छ । नीति निर्माताहरूले शिक्षा नीति बनाउँदा शिक्षकहरूसँग के सोध्नुपर्छ, उनीहरूले कस्तो प्रकारको कठिनाइको सामना गरिरहेका छन्, विद्यालयमा के सही र के गलत भइरहेको छ । अनि मात्र शिक्षकलाई दोष दिंदा उचित हुन्छ । नयाँ नियम बनाउँदा पुरानो नियममा सुधारको के खाँचो छ त्यो बुझ्नु आवश्यक छ । आज एउटा शिक्षकले आवश्यकभन्दा बढी ऊर्जा खर्च गर्नुपर्छ । जनगणना, मतगणना, कार्यालयसम्बन्धी कार्य, चुनावमा ड्युटी, बैंक, निर्माण, विद्यार्थीहरूको मूल्याङ्कन, बोर्ड परीक्षामा ड्युटी, विद्यालय चलेको बेला प्रशिक्षण, खेलकूदमा सहभागिता, बैठकहरूमा भागिदारी, सरकारी योजना र ¥यालीहरूमा सहभागिताजस्ता कामले गर्दा विद्यालयको शिक्षण कार्य प्रभावित हुने गर्छ । अर्कोतर्फ विद्यार्थीहरूलाई समयमा पाठ्यपुस्तक उपलब्ध नहुँदा विद्यालयको कार्यतालिका नै प्रभावित हुन पुग्छ ।

प्रशिक्षण लिनु वा दिनु गलत होइन तर केही शिक्षकलाई प्रशिक्षित गरेर उनीहरूबाट अर्का शिक्षकलाई प्रशिक्षण दिन लगाउँदा न प्रशिक्षण लिनेले रुचि लिन्छ, न दिनेले । परिणामस्वरूप प्रशिक्षण प्रक्रियामाथि नै सवाल उठ्न थाल्छ किनभने त्यस प्रशिक्षणको प्रभाव परेको अनुभूति गरिंदैन । यदि सरकारी विद्यालयका शिक्षकहरूको तुलना निजी विद्यालयसँग गरियो भने व्यवस्थापनको कमजोरी स्पष्ट देखिन्छ । यदि निजी विद्यालयजस्तै सरकारी विद्यालयलाई पनि व्यवस्थित गरियो भने सरकारी विद्यालयको स्थितिमा स्वतः परिवर्तन देखा पर्न थाल्छ । यही कारण हो, सरकारी विद्यालयमा पनि सानै कक्षादेखि अङ्ग्रेजी शिक्षा लागू गर्ने कुरामा जोड दिन थालिएको छ तर उच्च राजनीतिक हस्तक्षेपले गर्दा यो कार्यक्रम सफल भइरहेको छैन ।

निजी विद्यालयमा कक्षा १ मा पुग्दा विद्यार्थीहरू धेरै कुरा बुझिसकेका हुन्छन् तर सरकारी विद्यालयमा केटाकेटी सोझै १ मा प्रवेश गर्छन् । निजी विद्यालयहरूमा केटाकेटीहरूको प्रवेशको लागि उमेरको बाध्यता हुँदैन तर सरकारी विद्यालयमा केटाकेटीहरू पाँच वर्ष भएपछि मात्र प्रवेश पाउँछन् । अभिभावक आफ्ना सन्तानलाई शिक्षा दिलाउन उमेर पर्खेर बस्दैनन् । यस कारण उनीहरूको पहिलो रोजाइ निजी विद्यालय बन्ने गरेको छ । आजभोलि धेरै मानिसहरू रोजगारको खोजीमा शहर पलायन भइरहेका छन्, यसतर्फ कसैको ध्यान छैन । यस प्रकारको पलायनले गर्दा ग्रामीण सरकारी विद्यालयहरू बन्द हुने अवस्थामा छन् । धेरै ठाउँमा विद्यार्थी सङ्ख्याको अभावमा कतिपय विद्यालयहरू एकापसमा गाभिएको समाचार आइरहेको हुन्छ । अभिभावक आफ्नो सन्तानलाई 'बढी सुविधा होइन, गुणस्तरीय शिक्षा' दिन चाहन्छ । कैयन अभिभावकको सरकारी विद्यालयप्रति यही गुनासो पनि रहेको छ ।

अर्कोतर्फ मिडियाले पनि सार्थक कुरा देखाउने प्रयास गर्दैनन् । किन मिडियाले राम्रो सरकारी विद्यालयमा वा राम्रो शिक्षा दिने शिक्षकबारे खबर प्रकाशित गर्दैन ? विद्यालय एवं शिक्षकहरूमाथि सरकारले धेरै खर्च गरिरहेको छ । यस कारण दबाब वा आन्दोलनको भयले विद्यालयलाई सोझै बन्द गर्न सम्भव पनि छैन । यस कारण बजारको नीति अनुरूप सरकारी विद्यालयहरूको प्रतिष्ठा खसाल्ने प्रयास हुने गरेको छ । सरकारी विद्यालयका शिक्षकहरूलाई खलनायकको रूपमा प्रस्तुत गरिन्छ । केही शिक्षक नराम्रा हुन सक्छन् । यो सबै विभाग र मन्त्रालयमा हुन्छ । तर सम्पूर्ण दोष शिक्षकलाई मात्र दिनु चलाकीपूर्ण षड्यन्त्र होइन भने के हो ? सरकारी विद्यालयबाट जनमानसको विश्वास घट्नुको कारण नै यही हो । यसै कुराको फाइदा निजी विद्यालयहरूले उठाइरहेका छन् । निजी विद्यालयहरूको मनपरि मिडियाले पनि देख्दैनन् । अधिकांश निजी शिक्षण संस्थानहरूलाई राज्यले नै मान्यता प्रदान गरेको छ ।

केही वर्ष पूर्व प्राइवेट पब्लिक पार्टनरसीपको कुरा चलेको थियो । कहिले त के लाग्छ भने त्यो दिन टाढा छैन जब सरकारी विद्यालयहरूलाई निजी हातमा सुम्पियोस् । कारण सरकारी विद्यालयका शिक्षकहरूलाई सुनियोजत ढङ्गले बदनाम गर्ने कोशिश भइरहेको छ र सरकारी विद्यालयहरू नाकाम छन् भन्ने मादलको तालमा सुनिन थालेको छ । यी सबले के देखाउँछ भने नाकाम व्यवस्था छ, शिक्षक होइन । यो त सरकारी विद्यालयहरूलाई योजनाबद्ध ढङ्गले बन्द गर्ने चाल मात्र हो । यसो भयो भने विद्यार्थी स्वतः निजी विद्यालय पुग्छन् । परिणामस्वरूप पढाइ खर्च अभिभावकले बेहोर्छन् र सरकारी खजाना खाली हुँदैन ।

शिक्षाको अधिकार भेदभाव नगर्ने कुरा गर्छ तर दोहरो शिक्षा नीति र आर्थिक आधारमा भेदभाव गर्ने योजना पूर्णतया सफल भइरहेको छ । शिक्षाको अधिकारले प्राथमिक कक्षामा मातृभाषामा को कुरा गर्छ, तर नेपाली राम्ररी बोल्न नजान्ने गाउँका विद्यालयहरूलाई पनि सानै कक्षादेखि अङ्ग्रेजी पढाउन जोड दिइन्छ । विद्यार्थी शिक्षकको अनुपात कागजमा मात्र सीमित छ । आज आवश्यकता छ सरकारी शैक्षिक व्यवस्थामा सुधार । सरकारी विद्यालयहरूमा सुधार भयो भने देशले फडको मार्नेछ अन्यथा एक दिन 'साँप पनि मर्ने लठ्ठी पनि नभाँचिने' भनाइ सही साबित हुनेछ ।

# निगुरो व्यापार: लगानीविना लोभलाग्दो आम्दानी

बरहथवा, ९ भदौ/रासस

पर्याप्त पोषणतत्त्व भएको निगुरोलाई गृहिणीहरू स्वादिलो तरकारी र अचारको सूचीमा राख्छन् । हाम्रो देशमा निगुरोको अचार नखाने विरलै होलान् । निगुरो पाइने याममा प्रायः गृहिणी यो बहुपयोगी वनस्पति किन्ने गर्छन् ।

यो वनस्पति विषादिविना उत्पादन हुने भएकाले लाभदायक हुन्छ । वनमा आफैं उत्पादन हुने भएकोले यसलाई खोजेर टिप्नुबाहेक अन्य लगानी चाहिंदैन । लगानी नलाग्ने भएका कारण निगुरोको पोषण र स्वाद जस्तै आम्दानी लोभलाग्दो छ । सर्लाहीको बरहथवा नगरपालिका–९ मूर्तियाका तीन दर्जन परिवार निगुरो टिपेरै मनग्य आम्दानी गरिरहेका छन् । विगत १० वर्षदेखि यस क्षेत्रका स्थानीयले प्रत्येक वर्ष चैतको तेस्रो हप्तादेखि



असोजको अन्तिमसम्म गाउँनजीकैको वनमा उम्रिएको निगुरो टिपेर बेच्ने गरेका छन् ।

जिल्लाको बरहथवा नगरपालिका–९ मूर्तिया निवासी सविता कुशवार दैनिक बिहान बेलुवा दुई घण्टा घरनजीकैको डाँफे सामुदायिक वन पुगेर निगुरो टिप्छिन् । निगुरो राम्रो भेटिएको दिन ३० देखि ३५ मुठासम्म टिप्ने उनी बताउँछिन् । "यसरी टिपेको निगुरो जोडी मुठाको २५ रुपियाँमा बिक्री हुन्छ"–उनी भन्छिन्–"दिनको सात सयसम्मको निगुरो टिप्ने गरेकी छु ।"

फुर्सदको समय सदुपयोग गरेर निगुरो टिप्दा घर खर्च चलाउन निकै सजिलो भएको उनी बताउँछिन् । वर्षमा सात महीना टिप्दा ८० देखि ९० हजारसम्म एकजनाले कमाउने गर्छन् । निगुरो टिप्न घरमा भएका सबै उमेर समूह वन पस्ने

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# ‘बैंकिङ कसूरजन्य अपराधको अनुसन्धान, अभियोजन र कारबाईका लागि नयाँ कानुन आवश्यक’

काठमाडौं, ९ भदौ/रासस

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बैंकिङ तथा वित्तीय प्रणालीको कारोबारमा हुन सक्ने चेक अनादरजस्ता कसूरजन्य कार्यको अनुसन्धान, अभियोजन र कारबाईलाई व्यवस्थित एवं प्रभावकारी बनाउन ‘बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक, २०८०’ संसद्मा दर्ता भएको बताएका छन्।

प्रतिनिधिसभा अन्तर्गतको अर्थ समितिमा बोल्दै अर्थमन्त्री पौडेलले पछिल्ला दिनहरूमा बैंकिङ कसूर र चेक अनादरसम्बन्धी घटना उल्लेख्यरूपमा बढेको बताए। उक्त घटनाको अनुसन्धान र अभियोजन प्रक्रियालाई थप व्यवस्थित गर्न यो विधेयक कानूनका रूपमा कार्यान्वयनमा आउनुपर्ने उनको धारणा छ। विधेयकले चेक अनादरजस्ता बैंकिङ कसूरजन्य कार्यमा आर्थिक जरिवानालाई प्राथमिकतामा राखेको उनले जानकारी दिए।

अर्थ समितिको आइतवारको बैठकमा सांसद डा स्वर्णिम वाग्लेले बैंकिङ कसूरमा जेल सजायभन्दा पनि आर्थिक जरिवाना गर्नेगरी कानून आउनुपर्ने बताए। विश्वव्यापीरूपमा पनि चेक अनादरजस्ता अपराधमा आर्थिक जरिवानाको व्यवस्था रहेको उनको भनाइ छ।

त्यस्तै, संसद् र संसदीय समितिका कार्यहरू प्रभावकारीरूपमा अघि बढ्न नसकेको डा वाग्लेले बताए। संसद्मा दर्ता भएका र समितिमा छलफलमा आएका विधेयकहरू चाँडो टुङ्ग्याइनुपर्नेमा उनले जोड दिए। अर्का सांसद पदम गिरीले संसद्को विधायिकी भूमिका कमजोर भएको धारणा राखे। समितिको बैठक प्रभावकारी हुन नसक्दा धेरैवटा विधेयक अड्किएर बसेको उनको भनाइ छ।


गत वर्ष साउन २३ गतेको मन्त्रिपरिषद् बैठकले बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक, २०८० को मस्यौदा स्वीकृत गरेको थियो। तत्कालीन अर्थमन्त्री डा प्रकाशशरण महतले विसं २०८० असोज १६ गते यो विधेयक संसद्मा दर्ता गरेका थिए। चेक अनादरसम्बन्धी मुद्दामा फरकफरक खालको कानूनी उपचारको अवस्था देखिएकाले यसलाई एकरूप बनाउनुपर्ने बेहोराको सर्वोच्च अदालतको आदेश र महान्यायाधिवक्ताको कार्यालयको अध्ययनबाट समेत बैंकिङ कसूर तथा सजाय ऐनलाई संशोधन गर्नुपर्ने सुझावका आधारमा सरकारले यो विधेयक तयार पारेको हो।

कुनै व्यक्तिले आफ्नो खातामा रकम मौज्दात नभई चेक जारी गर्न नहुने व्यवस्था विधेयकमा राखिएको छ। “कसैले पनि आफ्नो बैंक खातामा रकम मौज्दात नभएको वा मौज्दात भएपनि भुक्तानीका लागि पर्याप्त छैन भन्ने जानाजान कसैलाई चेक जारी गरी दिन वा बैंकसँग त्यस्तो चेकको भुक्तानी माग गर्नुहुँदैन,” विधेयकमा भनिएको छ। चेकको भुक्तानी गर्न आवश्यक पर्ने रकम खातामा मौज्दात नदेखिएमा त्यस्तो चेक बैंक तथा वित्तीय संस्थाले धारकलाई नै फिर्ता दिनुपर्नेछ। यही चेक साट्न चाहने व्यक्तिले त्यस्तो चेक अनादर भएको प्रमाणित गराउन चाहेमा बैंकले बढीमा ३० दिनको म्याद दिई आफ्नो खातामा आवश्यक रकम जम्मा गर्न सम्बन्धित खातावालालाई सूचना दिई सोको अभिलेख राख्नुपर्ने व्यवस्था विधेयकमा राखिएको छ।

त्यसरी सूचना दिएको जानकारी खुलाइ बैंकले चेक फिर्ता गर्नुपर्नेछ। ३० दिनसम्ममा पनि खातामा पैसा उपलब्ध नभएमा चेक अनादर भएको प्रमाणित गर्नेसम्बन्धी प्रक्रिया अघि बढ्नेछ। “३० दिनको म्याद समाप्त भएपछि चेक बोक्ने व्यक्तिले रकम भुक्तानी माग्दा खातामा आवश्यक रकम नदेखिएमा बैंकले तीन दिनभित्र सम्बन्धित खातावालाले चेक अनादर गरेको प्रमाणित गरी चेक फिर्ता दिनुपर्नेछ,” विधेयकमा उल्लेख छ।

विधेयकमार्फत चेक अनादरसम्बन्धी बैंकिङ कसूरको जरिवानामा संशोधन गर्न लागिएको छ। बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ मा चेक अनादर भएमा बिगो भराइ बिगोबमोजिम जरिवाना र तीन महीनासम्म कैदको व्यवस्था रहेको छ तर विधेयकले चेक अनादर भएको प्रमाणित भएमा चेक जारी गरिदिने खातावालाबाट धारकलाई बिगोबमोजिमको रकम भराइ चेक जारी गरिदिने खातावालालाई बिगोको पाँच प्रतिशत जरिवाना गर्ने र चेक काटिएको रकमका आधारमा कैद सजाय तोक्नेगरी मस्यौदा तयार पारिएको छ। विधेयकमा रु पाँच लाखसम्म बिगो भए एक महीनासम्म कैद, रु पाँच लाखदेखि १० लाखसम्म बिगो भए तीन महीनासम्म कैद, रु १० लाखदेखि ५० लाखसम्म बिगो भए छ महीनासम्म कैद र रु ५० लाखभन्दा बढी जतिसुकै बिगो भएमा दुई वर्षसम्म कैद हुने व्यवस्था गरिएको छ।

त्यस्तै,, चेक अनादर गरेको प्रमाणित भएको मितिले तीन महीनाभित्र सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्न सकिने व्यवस्था ल्याउन लागिएको छ।



**झाँक्री घाँसेफिस्टो चराः** बेलौरी नगरपालिकाको पुरैनी तालको सिमसार क्षेत्रमा बचेराका लागि चुच्चोले चारा समातेको झाँक्री घाँसेफिस्टो चरा। यो चरा सिमसार क्षेत्रको घाँसे मैदानमा पाइन्छ। यसलाई अङ्ग्रेजीमा ग्रेसफूल प्रिनिया भन्ने गरिन्छ। तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस

# न्याय नपाएको मिटरब्याजपीडितको गुनासो

सिराहा, ९ भदौ/रासस

मिटरब्याजपीडित सङ्घर्ष समितिका अगुवाहरूले मिटरब्याज (अनुचित लेनदेन) समस्या अन्त्यका लागि सरकार गम्भीर नभएको गुनासो गरेका छन्। ‘मिटरब्याजविरुद्ध किसान मजदूर आन्दोलन, नेपाल’द्वारा शनिवार सिराहाको गोलबजारमा आयोजित भेलामा मिटरब्याज समस्या अन्त्यका लागि बनेको कानून कार्यान्वयनका लागि सरकार र संयन्त्र इमानदार नभएको बताएका हुन्।

“कानून कागजमैं सीमित हुँदा न्याय पाउन मुश्किल भयो। मिटरब्याजीले प्रहरी, प्रशासन र सरकार सबैलाई प्रभावमा पारेर न्याय प्रक्रियालाई अवरुद्ध पार्ने काम गरेका छन्,” सङ्घर्ष समितिका अध्यक्ष अवधेश कुशवाहाले भने, “मिटरब्याजीले उल्टो पैसा, पहुँच र शक्तिको आडमा पीडितमाथि थप दमन गरिरहेका छन्।” उनले अब चाँडै गृहमन्त्रीसँग यस विषयमा भेटवार्ता हुन गइरहेको र त्यसपछि पनि सरकारको व्यवहार उचित नदेखिए सशक्त सङ्घर्ष थाल्ने चेतावनी दिए।

त्यसैगरी, सङ्घर्ष समितिका महासचिव मनोजकुमार पासवानले सरकार, संयन्त्र र मिटरब्याजीहरूले आफूहरूको संयमतालाई कमजोरीका रूपमा लिने गरेको गुनासो गरे। उनले भने, “हाम्रो सङ्घर्षपछि आयोग बन्यो, कानून बन्यो, तर सबै कागजमैं सीमित छ। मिटरब्याजीले नै हामीमाथि दमन गरिरहेका छन्।” साथै उनले मिटरब्याजको संरक्षक राजनीतिक दलहरू नै भएको आरोपसमेत लगाए।

अनुचित लेनदेनसम्बन्धी कानून बन्दा पनि पीडितले न्याय पाउने स्थिति नभएकाले आगामी दिनमा वारपारको लडाइँ लड्नुपर्ने अवस्था आउनसक्ने र त्यसका लागि सम्पूर्ण पीडितहरूलाई एकजुट भएर लाग्न मिटरब्याजी आन्दोलनका अगुवा रामरिझन यादवले आग्रह गरे।

# मुख्यमन्त्री सिंहद्वारा प्रादेशिक अस्पतालको निरीक्षण

जनकपुर, ९ भदौ/रासस

मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले बिरामीको उपचारमा ढिलासुस्ती र हेलचेक्र्याइँ भइरहेको गुनासो आएपछि शनिवार राति ११ बजे प्रादेशिक अस्पतालको निरीक्षण गरेका छन्।

उनले मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत जनकपुरधामस्थित प्रादेशिक अस्पतालको आकस्मिक कक्ष, प्रसूति गृह, अति सघन कक्षलगायत निरीक्षण गरी ‘ड्युटी’मा रहेका चिकित्सक तथा स्वास्थ्यकर्मीसँग अस्पतालमा कार्यरत जनशक्ति र कार्यविभाजन, काम गर्ने अवधिबारे जानकारी लिएका छन्।

मुख्यमन्त्री सिंहले त्यहाँ कार्यरत जनशक्तिलाई तोकिएको समयसम्म नियमित र तत्परताका साथ काम गर्न निर्देशन दिए। उनले कामका लागि निर्धारित सङ्ख्या र समयावधिमा चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी नियमित खटिनुपर्ने र बिरामीको उपचारमा कुनै किसिमको लापरवाही नगर्न निर्देशन दिए।



तस्वीरः रासस

मुख्यमन्त्री सिंहले अस्पताल परिसरमा सञ्चालित सरकारी फार्मेसीमा आवश्यक र उचित औषधि राख्न, सूची अनुसार औषधि अभाव हुन नदिन सम्बन्धित कर्मचारीलाई निर्देशन दिए। उनले निरीक्षणका क्रममा बिरामी र तिनका कुरुवासँग अस्पतालका सेवासुविधाबारे जानकारी लिए।

रातिको समय जनशक्ति अभाव, उपयुक्त रेखदेखमा कमी र अस्पतालभित्रका फार्मेसीमा औषधि अभावबारे केही कुरुवाले गुनासो गरेपछि मुख्यमन्त्री सिंहले त्यहाँ आइपुगेका प्रतिष्ठानका रजिस्ट्रार विनोदकुमार यादवलाई समस्या समाधान गर्न निर्देशन दिए।

उनले अस्पतालमा बिरामीको चाप अत्यधिक वृद्धि भइरहेको बेला भौतिक पूर्वाधार, उपकरण र जनशक्ति थपिंदै गएको उल्लेख गर्दै अस्पतालमा विद्यमान समस्या समाधान गर्दै त्यहाँ उपलब्ध सेवा सुविधा उन्नत बनाउन र उपचारको विविधीकरण गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताए।

# कोशी, मधेस, बाग्मती र सुदूरपश्चिम प्रदेशका केही स्थानमा भारी वर्षा हुने

काठमाडौं, ९ भदौ/रासस

आइतवार देशभर मनसुनी वायुको प्रभाव रहेको तथा मनसुनको न्यून चापीय रेखा पश्चिमतिर सरदर स्थानमा र पूर्वतिर सरदर स्थानको केही उत्तर दिशातर्फ अवस्थित रहेको जनाउँदै जल तथा मौसम विज्ञान विभागले देशका सबै भागमा आंशिकदेखि साधारणतया बदली भएको बताएको छ।

आज देशभर आंशिकदेखि साधारणतया बदली रहेको तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा मेघगर्जन र चटचाङसहित हल्कादेखि मध्यम वर्षा भएको छ।

विभागका अनुसार कोशी, बाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थान तथा मधेस प्रदेशका एक/दुई स्थानमा मेघगर्जन र चटचाङसहित हल्कादेखि मध्यम वर्षा भएको छ।

कोशी, बाग्मती र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको भएको छ।

यसैगरी, आज राति कोशी, बाग्मती र गण्डकी प्रदेशमा आंशिकदेखि साधारणतया बदली रही बाँकी प्रदेशमा मेघगर्जन र चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। कोशी र मधेस प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको सम्भावना छ। कोशी, बाग्मती र लुम्बिनी प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको सम्भावना छ।

कोशी, बाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही तथा मधेस प्रदेशका एक/दुई स्थानमा मेघगर्जन र चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। कोशी मधेस, बाग्मती र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको जनाउँदै विभागले ती क्षेत्रका सर्वसाधारणलाई सतर्क रहन आग्रह गरेको छ।

# साउनमा तीन अर्ब ७५ करोड राजस्व सङ्कलन

वीरगंज (पर्सा), ९ भदौ/रासस

श्रीसियास्थित सुक्खा बन्दरगाह भन्सार कार्यालय वीरगंजले चालू आर्थिक वर्षको साउनमा रु तीन अर्ब ७५ करोड राजस्व सङ्कलन गरेको छ।

भन्सार विभागले कार्यालयलाई चालू आवको साउनमा रु चार अर्ब ७३ करोड ३१ लाख ४५ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो। कार्यालयले सो अवधिमा लक्ष्यको ७९ दशमलव २८ प्रतिशत अर्थात् रु तीन अर्ब ७५ करोड २२ लाख ११ हजार राजस्व सङ्कलन गरेको जनाएको छ।

भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले चालू आवको पहिलो महीनामा राजस्व सङ्कलन उत्साहजनक देखिएको दाबी गरे। “चालू आवको साउनमा राजस्व सङ्कलनमा औसतमा उत्साहजनक देखिएको छ। भदौको समग्र राजस्व सङ्कलनले आगामी

(बाँकी पाँचौं पातामा)



**सिलौटो र जाँतोको व्यापारः** बिक्रीका लागि भारतको राजस्थानबाट कैलालीको टीकापुर ल्याइएका सिलौटा र जाँतो। तस्बिरः झलनाथ खनाल/रासस

# बाराका सरकारी कार्यालयको पूँजीगत खर्च ८४ प्रतिशत

वीरगंज, ९ भदौ/रासस

मधेस प्रदेश सरकार मातहत रहेका बाराका सरकारी कार्यालयले गत आर्थिक वर्ष २०८०/८१ मा कुल विनियोजित बजेटको ८३.६९ प्रतिशत अर्थात् रु दुई अर्ब २७ करोड दुई लाख ३७ हजार ८३४ रकम पूँजीगत खर्च गरेका छन्।

मधेस प्रदेश सरकारले गत आवमा प्रदेश सरकार मातहतका १५ वटा सरकारी कार्यालय र १६ वटा स्थानीय तहका लागि पूँजीगत र चालूतर्फ दुवै गरेर रु तीन अर्ब ७० करोड ८० लाख सात हजार ३७० रकम विनियोजन गरेको थियो।

प्रदेश लेखा एकाइ कार्यालयका प्रदेश कोष नियन्त्रक श्यामउदय ठाकुरले बाराका सरकारी कार्यालयले गत आवमा विनियोजित बजेटको चालू र पूँजीगत दुवैतर्फ गरेर ८१.०९ प्रतिशत अर्थात् रु तीन अर्ब ६९ लाख ५४ हजार ३९५ खर्च भएको जानकारी दिए। “गत आवमा बाराका सरकारी कार्यालयको चालू र पूँजीगत दुवैतर्फ गरेर समग्रमा ८१.०९ प्रतिशत खर्च भएको छ। गत आवको समग्रमा खर्च उत्साहप्रद रहेको छ”–उनले भने–“बाराका सरकारी कार्यालयको चालू खर्च ७४.०२ प्रतिशत छ।” उनले बाराका सरकारी कार्यालयले गत आवमा पूँजीगत खर्च पनि उत्साहजनक ढङ्गले गरेको जानकारी दिए।


प्रदेश सरकारले बाराका १६ पालिकाका लागि रु २० करोड ४२ लाख ३६ हजार बजेट विनियोजन गरेकोमा सो अवधिमा रु १६ करोड ४२ लाख ३५ हजार ६७९ रकम खर्च गरेका छन्। ती कार्यालयहरूले गत आवमा रु ११ करोड ११ लाख ७७ हजार ४२७ रकम सङ्कलन गरेका छन्। प्रदेश लेखा एकाइ कार्यालयको कार्यक्षेत्र बारा र पर्सा हो।

# तीन गुणा बढ्यो विद्युत् खपत

काठमाडौं, ९ भदौ/रासस

मुलुकबाट विद्युत्भार कटौती अन्त्य भई नियमितरूपमा विद्युत् आपूर्ति हुन थालेपछि विद्युत् (ऊर्जा) खपतमा उल्लेख्य वृद्धि भएको छ। नेपाल विद्युत् प्राधिकरणका अनुसार ऊर्जा खपत तीन गुणा बढेको छ।

विद्युतभार कटौती गर्नुपर्ने प्रक्षेपण थियो। विसं २०७३ को कात्तिकदेखि काठमाडौं उपत्यका हुँदै क्रमिकरूपमा देशका प्रमुख शहरमा गार्हस्थ्यतर्फका ग्राहकको र त्यसपछि औद्योगिक ग्राहकको विद्युत्भार कटौती अन्त्य गरिएको थियो। सरकारले २०७५ वैशाखदेखि सिङ्गो मुलुक विद्युत्भार प्रयोजनमा विद्युतीय उपकरणको प्रयोग बढेको छ, निजी तथा सार्वजनिक यातायातमा विद्युतीय सवारीसाधनको प्रयोग बढिरहेको छ, विद्युतीकरण व्यापकरूपमा गरिएको छ, जसका कारण आन्तरिकरूपमा विद्युत्को खपत बढिरहेको छ," उनले भने।




आर्थिक वर्ष २०७२/७३ मा तीन ७२ करोड युनिट ऊर्जा खपत भएकामा गत आव २०८०/८१ मा १० अर्ब दुई करोड युनिट पुगेको छ। आठ वर्षको अवधिमा देशभित्रको विद्युत् खपत छ अर्ब ५१ करोड युनिट वृद्धि भएको हो। आठ वर्षअघि विद्युत् खपत वृद्धिदर नै ऋृणात्मक थियो।

गत आवमा सबैभन्दा बढी गार्हस्थ्यतर्फ चार अर्ब ३१ करोड र औद्योगिक ग्राहकतर्फ तीन अर्ब ६९ करोड युनिट विद्युत् खपत भएको छ। बाँकी विद्युत् अन्य समूहका ग्राहकले खपत गरेका हुन्। आठ वर्षअघि १३१ युनिट रहेको प्रतिव्यक्ति ऊर्जा खपत गत आवसम्म आइपुग्दा चार सय युनिट पुगेको छ।

आठ वर्षअघि बर्खायाममा समेत दैनिक आठ घण्टा विद्युतभार कटौती थियो। हिउँदमा दैनिक १४ घण्टासम्म कटौतीमुक्त घोषणा गरेको थियो।

आठ वर्षअघि ५८ प्रतिशत घरपरिवारमा मात्र विद्युत् पुगेको थियो। अहिले ९९ प्रतिशतमा विद्युत् पुगेको छ। विद्युत्को पहुँच पुगेका घरपरिवारमध्ये ९७ प्रतिशत राष्ट्रिय 'ग्रिड'बाट र दुई प्रतिशतले ग्रिडभन्दा बाहिर रहेका लघुजलविद्युत्, सौर्य ऊर्जालगायतबाट विद्युत् उपभोग गरिरहेका छन्। आठ वर्षअघि विद्युत्का ग्राहक करीब ३० लाख रहेकामा हाल सामुदायिकसहित ५९ लाख ३५ हजार पुगेका छन्।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत्भार कटौती अन्त्यपछि पर्याप्त निरन्तर विद्युत् आपूर्ति हुन थालेपछि विद्युत् खपत बढेको बताए। "ठूला तथा साना उद्योगलाई निरन्तर विद्युत् आपूर्ति भइरहेको छ, यस अवधिमा उद्योगको धैरे 'लोड' स्वीकृत गरिएको छ, खाना पकाउनेलगायत घरायसी

हरेक वर्ष विद्युत् माग बढेसँगै विद्युत् आपूर्तिमा चुनौती थपिएका छन्। त्यस्ता चुनौती र समस्याको समाधान गरी उपभोक्तालाई भरपर्दो, गुणस्तरीय, सुरक्षित विद्युत् आपूर्तिका लागि देशका प्रमुख शहरलाई ११ क्लस्टरमा विभाजन गरिएको छ। यस्तै, सन् २०५० सम्मको मागलाई आपूर्ति गर्न सक्ने प्रसारण र वितरण संरचनाको गुरुयोजना तयार गरी क्रमिकरूपमा कार्यान्वयनमा लगिएको छ।

कार्यकारी निर्देशक घिसिङले आन्तरिकरूपमा विद्युत्को खपत बढाउने, उत्पादन वृद्धि गरी आयात घटाउने र निर्यात वृद्धि गर्नेगरी काम भइरहेको उल्लेख गरे। आव २०७२/७३ मा तीन अर्ब ७२ करोड युनिट रहेको विद्युत् खपत आव २०७३/७४ मा (२८ दशमलव ४७ बिन्दुले बढी) चार अर्ब ७७ करोड युनिट पुगेको थियो। आव २०७४/७५ मा विद्युत् खपत पाँच अर्ब ५६ करोड, २०७५/७६ मा छ अर्ब ३० करोड युनिट, २०७६/७७ मा छ अर्ब ४२ करोड तथा २०७७/७८ मा सात अर्ब २८ करोड युनिट भएको थियो।

यसैगरी, आव २०७८/७९ मा आठ अर्ब ८४ करोड, आव २०७९/८० मा नौ अर्ब ३५ करोड र आव २०८०/८१ मा १० अर्ब दुई करोड युनिट विद्युत् खपत भएको थियो। आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा विद्युत् खपत करीब १० प्रतिशतले बढेको हो।

गत आवमा पिक डिमान्ड (विद्युत् बढी माग हुने समय) अघिल्लो आव २०७९/८० को तुलनामा ११ दशमलव ३४ प्रतिशतले वृद्धि भएको थियो। गत आवको जेठ १६ गते देशभित्रको सबैभन्दा बढी विद्युत्को माग रेकर्ड गरिएको थियो। उक्त दिन दुई हजार २१२ मेगावाट विद्युत् माग गरिएको थियो।

बर्खायामका छ महीना विद्युत् भारततर्फ निर्यात गर्ने अवस्था बने पनि हिउँदमा नदी प्रवाही जलविद्युत् आयोजनाको विद्युत् उत्पादन घटी केही महीना देशभित्रको माग धान्न विद्युत् आयात गर्नुपर्ने अवस्था छ। तर प्रणालीमा आयात गरिएको ऊर्जाको परिमाण भने घट्दै गएको छ। गत आवमा प्रणालीमा आयातीत ऊर्जाको हिस्सा १४ दशमलव ६८ प्रतिशत रहेको छ। जुन अघिल्लो आवको तुलनामा आठ दशमलव ५७ प्रतिशतले कम हो। विद्युत् निर्यात ४४ प्रतिशतले वृद्धि भएको छ।

गत आवमा भारतबाट एक अर्ब ९० करोड युनिट अर्थात् रु १६ अर्ब ९३ करोड बराबरको विद्युत् आयात गरिएको थियो। तर सोही अवधिमा एक अर्ब ९५ करोड युनिट विद्युत् भारततर्फ निर्यात गरी रु १७ अर्ब छ करोड आम्दानी भएको थियो। गत आवमा आयातभन्दा रु १३ करोड बढीको विद्युत् निर्यात गरी खुद विद्युत् आयातकर्ताबाट नेपाल खुद विद्युत् निर्यातकर्ता बनेको थियो।

# शीतभण्डार निर्माण अधूरै, किसानको उत्पादन खेर जाँदै

राजविराज (सप्तरी), ९ भदौ/रासस

सप्तरीमा शीतभण्डार निर्माण अधूरै रहेको छ। उक्त भवन निर्माण नहुँदा बर्सेनि किसानले उत्पादन गरेको तरकारी र फलफूल खेर जाने गरेको छ।

सप्तरीको राजविराज नगरपालिका–१५ देउरी भरुवामा २०७५ पुसमा शीतभण्डार निर्माण कार्य शुरू भएको थियो। तीन हजार मेट्रिक टन क्षमता भएको उक्त सहकारी शीतभण्डार निर्माण समयमैं निर्माण सम्पन्न नहुँदा जिल्लाका किसान मारमा परेका छन्। झन्डै रु २८ करोड लागतको शीतभण्डार निर्माण कार्य २०७८ सालदेखि रोकिएको छ।

बजेट अभावका कारण शीतभण्डार निर्माण कार्य बीचमैं रोकिएको जिल्ला सहकारी सङ्घ सप्तरीका प्रबन्धक रमेशप्रसाद गुप्ताले जानकारी दिए। शीतभण्डार निर्माणका लागि आर्थिक वर्ष २०७६/७७ मा सङ्घीय सरकारबाट रु छ करोड ३६ लाख उपलब्ध भएको उनले बताए। "सङ्घीय सरकारले रु १० करोड ७५ लाख उपलब्ध गराउन बाँकी नै छ, रकम अभावले निर्माणको जिम्मा लिएको कम्पनीले काम गर्न छाडेको छ।"

स्वीकृत कार्यक्रम अनुसार सहकारी तथा गीरबी निवारण मन्त्रालयसँग थप बजेट उपलब्ध गराउन पटकपटक माग गर्दै आएको प्रबन्धक गुप्ता बताउँछन्। सो अन्तर्गत नवलपरासी र सप्तरीमा एकसाथ सहकारी शीतभण्डार निर्माण थालिएको थियो। नवलपरासीमा भने यस अघि नै शीतभण्डार निर्माण भएर प्रयोगमा समेत आइसकेको उनको भनाइ छ। सङ्घीय सरकारको ६० प्रतिशत अनुदान, सङ्घसंस्थाहरूको २० प्रतिशत तथा स्थानीय र प्रदेश सरकारको २० प्रतिशत अनुदानमा डेढ कट्ठा जग्गामा उक्त शीतभण्डार निर्माण गर्न थालिएको हो।

शीतभण्डार अभावले केरा, आँप, आलु, प्याज, लसुनलगायत उत्पादन खेर जाने गरेका छन्। किसानले जिल्लाबाहेक अन्य ठाउँमा लगेर आफ्नो उत्पादन बिक्री गर्न सकिरहेका छैनन्। "शीतभण्डार नहुँदा उत्पादन सस्तोमा बिक्री गर्नुपर्ने बाध्यता छ, बिक्री नहुँदा उत्पादन त्यसै खेर जाने गरेको किसानको गुनासो छ," प्रबन्धक गुप्ताले भने। बेमौसममा भने किसानले तरकारी र फलफूल महँगोमा किनेर खान बाध्य भएका उनको भनाइ छ।

स्थानीय किसानले उत्पादन गरेको फलफूल र तरकारी सहकारीमार्फत शीतभण्डारमा भण्डारण गर्ने योजनाका साथ सो शीतभण्डार निर्माण कार्य अघि बढाइएको प्रबन्धक गुप्ता बताउँछन्। "अहिले उत्पान खेर गइरहेको छ, सुरक्षित साथ राख्न सकिएको छैन," उनले भने, "शीतभण्डारको सुविधा भएको खण्डमा बिक्री गर्न नसकिएको तरकारी र फलफूल लामो समयसम्म राख्न सकिन्छ, किसानले अत्यधिक लाभ लिन सक्ने अवस्था बन्थ्यो।"

प्रबन्धक गुप्ताका अनुसार मधेस प्रदेश सरकारले चालू आर्थिक वर्ष २०८१/८२ मा उक्त सहकारी शीतभण्डार निर्माणका लागि रु आठ करोड बजेट विनियोजन गरेको छ। तर हालसम्म सो रकम भने प्राप्त हुन नसकेको उनको भनाइ छ। चाँडो निर्माण कार्य शुरू गर्नुपर्नेमा जोड दिँदै उनले जिल्लामा उत्पादित कृषि उपज भण्डार गर्न शीतभण्डार नभई नहुने प्रबन्धक गुप्ता बताउँछन्।

शीतभण्डार निर्माणको जिम्मा पाएको शर्मा आशिष ओम साइँराम, सानोठिमीले बजेट अभावकै कारण समयमैं निर्माण सम्पन्न गर्न नसकिएको जनाएको छ। "यस अघि काम गरेको रु तीन करोड ५७ लाख प्राप्त गर्न बाँकी छ," सो निर्माण कम्पनीका प्रतिनिधि सञ्जयकुमार मिश्रले भने। आर्थिक वर्ष २०७७/७८ मा काम गरेको बिल पेश गरे पनि त्यसको सुनवाइ नभएको उनको भनाइ छ।



बेनी–बागलुङ सडक अन्तर्गत म्याग्दीको बेनी नगरपालिका–१ हुलाकेमा अविरल वर्षासँगै आएको बाढीले सडक भत्काएपछि अवरुद्ध भएको सडक। उक्त बाढीले सडकमा रहेको एक स्कार्पियो जीपलाई बगाएर खोल्सामा खसालेको छ। त्यसैगरी, चितवनको नारायणगढ–मुग्लिन सडकखण्ड अन्तर्गत भरतपुर–२९ घुमाउनेमा आइतवार बिहान दुर्घटना भएको बस। महेन्द्रनगरबाट काठमाडौं जाँदै गरेको सुप्रप्र ०२–००१ ख १३३२ नम्बरको बस अनियन्त्रित भई दुर्घटना हुँदा १३ जना यात्री घाइते भएका छन्। तस्बिरः तस्बिरः कमल खत्री, कृष्ण आचार्य/रासस

## फरक समाचार

# के हो माइल्ड हार्ट अटचाक

हृदयघात एउटा घातक चिकित्सा अवस्था हो। तर कहिलेकाहीं यसको लक्षण यति स्पष्ट हुँदैन कि व्यक्तिले यसलाई तुरुन्तै पहिचान गर्न सक्छ। जब हृदयघातका लक्षणहरू हलुका हुन्छन्, यसलाई माइल्ड हार्ट अटचाक भनिन्छ।



हालै 'ये रिश्ता क्या कहता है' भारतीय धारावाहिकका अभिनेता ३२ वर्षीय मोहसिन खानले सामाजिक सञ्जालमा खुलासा गरे, उनलाई एक वर्षअघि हलुका हृदयघात भएको थियो, त्यसपछि उनले कामबाट ब्रेक लिएका थिए। तपाईं पनि यसको शिकार बन्न सक्नुहुन्छ, त्यसैले हलुका हृदयघातका लक्षणहरू जान्न महत्त्वपूर्ण छ।

**हलुका हृदयाघातका लक्षणहरू:** हलुका हृदयघातको सबैभन्दा सामान्य लक्षणहरूमध्ये एउटा हो– छातीमा हलुका असुविधा हुनु। यो असुविधा भारीपन वा दबाबको रूपमा महसूस गर्न सकिन्छ। कहिलेकाहीं यो जलन अनुभूतिको रूपमा पनि अनुभव गर्न सकिन्छ। यो लक्षण केही समयको लागि हुन्छ र अचानक वा बिस्तारै शुरू हुन सक्छ।

**सास फुल्नु:** यदि तपाईं कुनै विशेष शारीरिक परिश्रमविना सास फेर्न समस्याको सामना गर्दै हुनुहुन्छ भने यो हलुका हृदयघातको सङ्केत हुन सक्छ। सास फेर्न गाऱ्हो हुँदा तपाईंले आफ्नो छातीमा दबाब वा दुखाइ पनि महसूस गर्न सक्नुहुन्छ।

**चीसो लाग्नु वा रुघाखोकी:** हृदयघातका लक्षणहरूमा कहिलेकाहीं रुघाखोकी वा चीसो महसूस हुन सक्छ। यसले शरीरका विभिन्न भागमा अचानक चीसो लाग्ने वा पसिना आउन सक्छ। यो लक्षण विशेषगरी राति वा आराम गरिरहेको बेला महसूस गर्न सकिन्छ।

**असामान्य थकान:** अचानक वा कुनै स्पष्ट कारणविना अत्यधिक थकान पनि हलुका हृदयघातको लक्षण हुन सक्छ। यो थकान सामान्य शारीरिक गतिविधिहरूमा पनि महसूस गर्न सकिन्छ र सजिलै हलुका हृदयघातसँग जोडिन सक्छ।

**खुट्टामा दुखाइ:** हृदयघातका लक्षणहरूमा हात, काँध वा घाँटी जस्ता बाहिरी अङ्गहरूमा दुखाइ पनि समावेश हुन सक्छन्। यो दुखाइ सामान्य दुखाइभन्दा फरक हुन्छ र शरीरका एक वा धेरै भागमा फैलिन सक्छ। कहिलेकाहीं यो दुखाइ धेरै हलुका हुन्छ र व्यक्तिले यसलाई सामान्य दुखाइ मान्न सक्छ।

**हलुका हृदयघात कति खतरनाक हुन्छ:** हलुका हृदयघातले मुटुको सानो भागलाई असर गर्छ। तर यसको मतलब यो होइन कि त्यसलाई गम्भीररूपमा लिनुहुँदैन। हलुका हृदयघातले जीवनको लागि खतरा उत्पन्न गर्न सक्छ र जटिलताहरू निम्त्याउन सक्छ, जसले तपाईंको बाँकी जीवनलाई असर गर्न सक्छ।

# यस्ता पुरुष कहिल्यै सुखी रहँदैन

वृन्दावनका प्रेमानन्दजी महाराज अचेल सामाजिक सञ्जालमा चर्चित छन्। उनको सत्सङ्ग सुन्न विराट कोहली, अनुष्का शर्मा जस्ता सेलिब्रेटीहरू पनि आएका



थिए। यसमा कुनै शङ्का छैन कि महाराजजीका शब्दहरूले आजको समयका समस्याहरूलाई धेरै राम्रोसँग प्रकाश पारेका छन् र त्यसको समाधान पनि गरेको छ।

हालै उनको इन्स्टाग्राममा एउटा भिडियो भाइरल भइरहेको छ, जसमा उनले पुरुषका पाँच यस्ता गलतीको बारेमा बताएका छन्, जसले परिवारको खुशीलाई नष्ट गर्छ।

**पत्नीलाई भार सम्झिनु:** प्रेमानन्द महाराज भन्छन्, जसले अर्धाङ्गिनीलाई बोझ सम्झिन्छ, त्यो कहिल्यै सुखी हुँदैन। यही एउटा सोचका कारण उसको परिवारमा सधैं दुःख, कलेश रहन्छ।

**छोरा–छोरीबीच अन्तर गर्ने:** जो व्यक्ति छोरी जन्मिएपछि दुःखी हुन्छ र पत्नीलाई छोरा नजन्माएको भनेर कष्ट दिन्छ, त्यस्ता व्यक्ति सदैव दुःखी रहन्छ। छोरा–छोरीमा भेदभाव गर्दा परमात्मा रिसाउँछन्।

**पत्नीको सम्मान नगर्ने:** यस्ता पुरुषहरू सधैं दुःखले घेरिएका हुन्छन्, जसले गृहलक्ष्मी अर्थात् पत्नीको सम्मान गर्दैन। पत्नी जस्तोसुकै होस्, उसको अपमान गर्दा घरमा अशान्ति हुन्छ।

**पत्नीलाई पैसा नदिने:** पत्नीको आवश्यकताको ख्याल नगर्ने पुरुषहरू सधैं गरीबी र अभावको सामना गर्छन्। धन र व्यापारमा वृद्धिको लागि घरकी लक्ष्मी प्रसन्न हुनु अति आवश्यक छ। पत्नीलाई सधैं केही न केही पैसा दिइरहनुपर्छ।

**पत्नी र सन्तानलाई कुटपिट गर्ने:** पुरुषले बाहिरको रिस प्रायः घरका सदस्यमाथि पोख्छन्। यस्तो अवस्थामा पत्नी र छोराछोरीलाई पिट्ने वा दुर्व्यवहार गर्ने पुरुषहरू कहिल्यै शान्तिले बस्न सक्दैनन्। जीवनमा सधैं कुनै न कुनै समस्या भइरहन्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## इजरायलमा आगामी ४८ घण्टाका लागि सङ्कटकाल घोषणा

इजरायल, ९ भदौ/एएनआई

लेबनानसँग बढ्दो तनावका बीच इजरायलले आगामी ४८ घण्टाका लागि सङ्कटकाल घोषणा गरेको छ।

इजरायलका रक्षामन्त्री योव ग्यालान्टले सङ्कटकाल घोषणा गरेका छन् र यसले इजरायली रक्षा बल (आइडिएफ)को आन्तरिक मोर्चाको नेतृत्वलाई प्रतिबन्धहरू जारी गर्न सहज हुनेछ। मन्त्रिपरिषद्ले विस्तार नगरेसम्म यो अवस्था ४८ घण्टाका लागि मान्य हुनेछ।


तेल अविवस्थित विमानस्थलमा यात्रुहरू उडान तालिका हेर्दै। तस्वीरः एएफपी

इजरायलमा तनाव बढ्दै गएको छ। यस क्षेत्रमा थप जोखिम बढेसँगै इजरायली नागरिकलाई उच्च सतर्कतामा रहन भनिएको छ।

आज बिहान इजरायली डिफेन्स फोर्स (आइडिएफ)का प्रवक्ता रियर एडमिरल डेनियल हागारीले हिजबुल्लाहको आक्रमणको बदला इजरायलले दक्षिणी लेबनानमा रहेका लेबनानी नागरिकलाई आक्रमण हुन सक्ने भन्दै सावधान रहन आफ्ना नागरिकलाई सचेत गराएका छन्।

एक पत्रकार सम्मेलनमा आइडिएफका प्रवक्ताले भने– “हिजबुल्लाहले दक्षिणी लेबनानबाट नजीक इजरायली क्षेत्रमा आक्रमण गरिरहेको छ। यसको बदलामा इजरायलले हिजबुल्लाहमाथि आक्रमण गर्ने तयारी गरिरहेको छ। तसर्थ हामी उक्त क्षेत्रमा रहेका लेबनानी नागरिकलाई तुरुन्तै स्थान खाली गर्न आग्रह गरेका छौं।”

“आइडिएफले इजरायली नागरिकको सुरक्षाका लागि आवश्यक सबै तयारी गरिरहेको छ र गर्नेछ”– उनले भने।

गत महीना तेहरानमा हमासका राजनीतिक नेता इस्माइल हानिया र लेबनानमा हिजबुल्लाह कमान्डर मारिएपछि इरानले इजरायलसँग बदला लिने चेतावनी दिएको थियो। इरानको सम्भावित आक्रमणविरुद्ध इजरायलले कडा प्रतिशोध गर्ने तयारी गरिरहेको छ। रासस

## हिजबुल्लाहका हजारौं रकेट लन्चर नष्ट गरेको इजरायली दाबी

जेरुसेलम, ९ भदौ/एएफपी

इजरायली सेनाले आफ्नो लडाकू विमानद्वारा उत्तरी र मध्य इजरायललाई लक्षित गरी हिजबुल्लाह समूहले प्रहार गरेको हजारौं रकेट लन्चरको बदलामा लेबनानको दक्षिणी सिमानामा आक्रमण गरेको जनाएको छ। “करीब १०० आइएएफ लडाकू विमानले दक्षिणी लेबनानमा रहेका हजारौं हिजबुल्लाह रकेट लन्चर ब्यारेलमा आक्रमण गरी नष्ट गरेको छ”–इजरायली सेनाले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

तीमध्ये अधिकांश उत्तरी इजरायलतर्फ लक्षित थिए भने केही मध्य इजरायलतर्फ लक्षित थिए।

इजरायली सेनाका प्रवक्ता लेफ्टिनेन्ट कर्णेल नदाब शोशानीले भने–“हिजबुल्लाले उत्तरी इजरायलतर्फ सयौं रकेट र युएभी प्रहार गरेको छ।”

“हिजबुल्लाहबाट भएको आक्रमण ‘योजनाबद्धरूपमा गरिएको ठूलो आक्रमण योजनाको एक हिस्सा थियो र आज बिहान यसको ठूलो मात्रा विफल पार्न सफल भयौं”–हिजबुल्लाहले के लक्षित गरेको थियो भन्ने जानकारी दिन अस्वीकार गर्दै शोशानीले भने।

“हामी अहिले आक्रमणपछिको अवस्थाको आकलन गरिरहेका छौं। अझै पनि आक्रमणहरू भइरहेका छन्”– शोशानीले भने। “आक्रमणबाट त्यहाँ सामान्य क्षति भएको छ”–उनले भने।

शोशानीले हिजबुल्लाहमाथि आइतवार भएको आक्रमणमा अमेरिकासहित इजरायलका साझेदारले भाग नलिएको बताए।

उनले भने–“आइतवार बिहान इजरायलतर्फबाट केही कारबाई भएका छन्।” रासस

## अमेरिकासँग वार्तामा ताइवान र सुरक्षाबारे ‘गम्भीर चासो’ व्यक्त गर्ने चीनको भनाइ

बेइजिङ, ९ भदौ/एएफपी

अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले आगामी अगस्त २७ देखि २९ सम्म गर्ने चीन भ्रमणमा चीनले आफ्नो चासोको विषय गम्भीरतापूर्वक राख्ने बताएका छन्।

संयुक्त राज्य अमेरिकासँग हुने आगामी वार्तामा ताइवान र अन्य सुरक्षा विषयमा ‘गम्भीर चिन्ता’ व्यक्त गर्ने चीनको योजना रहेको चीनको राष्ट्रिय सञ्चारमाध्यमले आइतवार जनाएको छ।

विदेश मन्त्रालयका एक वरिष्ठ अधिकारीलाई उद्धृत गर्दै सरकारी प्रसारक सिसिटिभीले भनेको छ– “वार्तालाई चीनले ताइवान मुद्दा, विकासको अधिकार र चीनको रणनीतिक सुरक्षा विषयलाई कडा माग गर्न प्रयोग गर्नेछ।”

सुलिभानले नोभेम्बरमा हुने अमेरिकी चुनाव अघि तनाव व्यवस्थापनका लागि चीनका विदेशमन्त्री वाङ यीसँग भेटवार्ता गर्नेछन्।

सन् २०१६ पछि अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकारको यो पहिलो चीन भ्रमण हो, यद्यपि विदेशमन्त्री एन्टोनी ब्लिन्केनलगायत अन्य वरिष्ठ अधिकारीहरूले विगत दुई वर्षमा चीनको भ्रमण गरेका छन्।

“ताइवान मुद्दा अमेरिका–चीन सम्बन्धमा विवादको पहिलो रातो रेखा हो र ‘ताइवानको स्वतन्त्रता’ ताइवान स्ट्रेटमा शान्ति र स्थिरताका लागि सबैभन्दा ठूलो खतरा हो”–सिसिटिभीले भनेको छ।

“अमेरिकाले एक चीन सिद्धान्त र तीन संयुक्त विज्ञप्ति र फरकफरक समयमा गरिएका अमेरिका–चीन सहमति पालना गर्नुपर्छ र ताइवानको स्वतन्त्रतालाई समर्थन नगर्ने आफ्नो प्रतिबद्धता पूरा गर्नुपर्छ”–विज्ञप्तिमा भनिएको छ।

बेइजिङ र वाशिङ्टनबीच हालैका वर्षहरूमा स्वशासित टापु ताइवान र मानव अधिकार, व्यापार र दक्षिण चीन सागरजस्ता अन्य फ्ल्यास प्वाइन्ट मुद्दाहरूलाई लिएर विवाद बढेको छ।

गत नोभेम्बरमा सान फ्रान्सिस्कोमा अमेरिकी राष्ट्रपति जो बाइडेन र उनका समकक्षी सी जिनपिङबीच भएको वार्तापछि दुई देशबीचको सम्बन्ध केही हदसम्म स्थिर भएको छ।

सन् २०२२ मा तत्कालीन अमेरिकी सभामुख न्यान्सी पेलोसीले ताइवानको भ्रमण गरेपछि चीनले युद्धपोत, क्षेप्यास्त्र र लडाकू विमानसहित ताइवानमा अहिलेसम्मकै सबैभन्दा ठूलो सैन्य अभ्यास गरेको थियो। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनक्षति | वृष – भाग्योदय |
| मिथुन – बेचैनी | कर्कट – मनोरञ्जन |
| सिंह – कर्मप्राप्ति | कन्या – राज्यभय |
| तुला – वादविवाद | वृश्चिक – यात्रालाभ |
| धनु – शत्रुभय | मकर – कार्यनाश |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## नेविसङ्घ, पर्सा स्ववियु निर्वाचनको तयारीमा

प्रस, वीरगंज, ९ भदौ/

नेपाल विद्यार्थी सङ्घका केन्द्रीय सदस्य मुनराज तिवारीले स्ववियु निर्वाचन नहुँदा त्रिभुवन विश्वविद्यालयको शैक्षिक क्यालेन्डर अस्तव्यस्त भएको र विद्यार्थीहरूले आफ्नो हकअधिकार प्रयोग गर्न नपाएको बताएका छन्। त्रिविविले आगामी फागुन १५ गते स्ववियु निर्वाचन घोषणा गरेपछि आइतवार नेविसङ्घले ठाराब क्याम्पसमा गरेको बैठकमा उनले स्ववियु निर्वाचन नहुँदा राजनीतिक दलका


तस्वीरः सौजन्य

साथै देशलाई पनि घाटा भएको बताए। स्ववियु निर्वाचन नभएर शैक्षिक आन्दोलन र विद्यार्थीको हकअधिकार प्रस्तुत गर्ने स्थानको अभाव भएको बताए। उनले २०६५ सालदेखि स्ववियु निर्वाचन नियमित हुन नसकेको र यसपटक फागुन १५ गते निर्वाचनको मिति तोकिएकोले सोको तयारी गर्न सुझाए।

बैठकमा ठाराब क्याम्पसका विद्यार्थी नेताहरू राजु यादव, राहुल दास, इम्तियाज हुसेनलगायतले ठाराब क्याम्पसको अवस्था दिनानुदिन नाजुक भएको बताए। उनीहरूले क्याम्पसको विकास पछि परेको र शैक्षिक विकासको लहर पनि स्ववियु निर्वाचन नहुँदा तुहिएको बताए। उनीहरूले आगामी स्ववियु निर्वाचन नेविसङ्घले जित्ने गरी तयारी गर्न सुझाएका थिए।

### पोखरियाको ...

कार्यान्वयन नभएको र यस सम्बन्धमा २०८१/३/१९ गते प्रदेश सरकारको मन्त्रिस्तरीय निर्णय भएपनि लागू नभएकोमा उनले पोखरिया अस्पताललाई अविलम्ब प्रादेशिक अस्पताल घोषणा गर्न माग गरेका थिए।

यसैगरी, समानीले पोखरियामा भूमिसुधार तथा मालपोत कार्यालय, जिल्ला प्रशासन कार्यालयको सेवा केन्द्र स्थापना गर्ने विषयमा विभिन्न चरणमा ज्ञापनपत्र बुझाउने र विभिन्न सरकारबाट सो सम्बन्धमा सेवा केन्द्र स्थापनाको लागि सकारात्मक पहलको आश्वासन पाए पनि हालसम्म सेवा केन्द्र स्थापना नभएको भन्दै अन्तिमपटकको लागि ज्ञापनपत्र बुझाएको बताए। यसपछि सिर्जित हुने समस्याको जिम्मेवार सरकार हुने उनले चेतावनी दिए।

मन्त्री गुप्ता सोही क्षेत्रबाट सांसदमा निर्वाचित भएका हुन्। उनकै संसदीय निर्वाचनमा पोखरिया नपा पनि पर्छ।

### साउनमा ...

दिनको दिशानिर्देश गर्नेछ,” उनले भने।

भन्सार विभागले कार्यालयलाई गत आवको साउनमा रु चार अर्ब २४ करोड ६३ लाख ३५ हजार लक्ष्य निर्धारण गरेकोमा सो अवधिमा लक्ष्यको ९६ दशमलव ०१ प्रतिशत अर्थात् रु चार अर्ब सात करोड ६९ लाख ९५ हजार राजस्व सङ्कलन गरेको थियो।

कार्यालयको गत आवको साउनको तुलनामा चालू आवको साउनमा राजस्व सङ्कलन रु ३२ करोड ४७ लाख ८४ हजारले घटेको छ। प्रमुख भन्सार अधिकृत बरुवालले गत आवको साउनको तुलनामा चालू आवको साउनमा समग्रमा राजस्व सङ्कलनमा केही कमी आएको बताए। कार्यालयले आव २०७९/८० को साउनमा भने रु तीन अर्ब ६१ करोड ८५ लाख दुई हजार राजस्व सङ्कलन गरेको थियो।

### निगुरो ...

गरेका अर्का स्थानीय दीपक लामाको भनाइ छ। देख्दा निगुरो टिप्ने त हो नि भन्ने लाग्छ। तर आम्दानीको राम्रो स्रोत बनेको उनी बताउँछन्।

बरहथवा–९ मूर्तियाका कर्णबहादुर कुशवारले पनि विगत सात वर्षदेखि निगुरो टिप्ने गरेको बताए। “राम्रो उत्पादन भएको समयमा दिनमा ५० मुठासम्म टिपेको छु”– उनले भने– “यसको मूल्य सधैं एकनास रहन्छ। धेरै घटबढ हुँदैन”–बूढाबूढी दैनिक निगुरो टिप्न जाने उनी बताउँछन्। बिहान–बेलुका निगुरो टिप्नेले वन भरिन्छ।

सोही स्थान बस्ने फूलमाया तामाङको दैनिकी पनि उस्तै छ। छिटोछिटो टिप्ने भएकाले दिनमा सात सयसम्मको निगुरो टिपेर बेचेको फूलमाया बताउँछिन्। “फुर्सदका समय गाउँका बूढापाकादेखि बालबालिका सबै निगुरो टिप्न वन पस्छन्”–उनले भनिन्–“दैनिक बिहान–बेलुका दुई/चार घण्टा खट्दा राम्रो कमाइ हुन्छ।” निगुरो टिप्ने काम जागीरजस्तै भएको उनले बताइन्।

गाउँघरमा पनि चाडबाड तथा भोजभतेरमा निगुरोको माग हुन्छ। “गाउँतिरै पनि खोज्ने मान्छे आउँछन्”– उनी भन्छिन्–“व्यापारीलाई पनि अझै पुगेको छैन।” टिप्न सकेजति व्यापारीले लैजान्छन्। व्यापारीहरूले निगुरो बुझाएलगत्तै वा पछि एकमुस्ट पैसा दिने गरेको स्थानीयको भनाइ छ। “बसिरहनुभन्दा वनमा निगुरो खोज्यो”– उनी भन्छिन्–“पैसा पनि हुन्छ।

निगुरो बेचेर बचत गरेको पैसाले आपत्विपत्मा गर्जो टार्नेदेखि औषधि उपचारमा सहयोग पुगेको स्थानीय नानीमैया कार्की बताउँछिन्। “निगुरो टिप्न थालेदेखि दुई/चार रुपियाँका लागि कसैलाई गुहार्नुपरेको छैन, त्यति सास्ती पनि हुन्न। केही घण्टा खट्ने हो। दुई/चार सय भइहाल्छ।”

यस क्षेत्रबाट विगत १० वर्षदेखि निगुरो टिप्ने, सङ्कलन गर्ने र काठमाडौंका बजारसम्म पुऱ्याउने व्यवसायी सुनीता महतोका अनुसार सङ्कलनकर्ताले शुरूमा प्रतिमुठा पाँच रुपियाँ पाउँथे। अहिले जोडी मुठाको रु २५ पाउँछन्। निगुरोसँगै अन्य मौसम अनुसार तरकारी ढुवानी गर्ने गरेको उनी बताउँछिन्। सङ्कलित निगुरो बजारसम्म लैजाने व्यवस्था सुनीताका पति धनेश्वर महतो गर्छन्।

यस क्षेत्रका ३६–३७ परिवारले दैनिक निगुरो टिपेर ल्याउने व्यवसायी धनेश्वरले जानकारी दिए। “दैनिक १२ देखि १५ बोरासम्म निगुरो काठमाडौं पुऱ्याउँछु”– उनले भने–“एक बोरामा ८० मुठा हुन्छ। दैनिक हजार मुठा बढी सङ्कलन हुन्छ।”

निगुरो टिपेर मूर्तिया क्षेत्रका स्थानीयले गत वर्ष लगभग सात महीनाको अवधिमा रु ३० लाख आम्दानी गरेका कृषि ज्ञान केन्द्रका एकजना अधिकारीले बताए। मासिक चार लाख बराबरको निगुरो स्थानीयसँग सङ्कलन गरेर बजारमा लैजाने गरेको, महतोको भनाइलाई आधार मानेर, उनले त्यति रकम आर्जन हुने अनुमान लगाएका हुन्। धेरै सदस्य सङ्ख्या भएका परिवारले महीनामा रु एक लाखसम्मको निगुरो टिप्ने गरेको उद्यमी महतोले बताए।

### नेपाली विमल ...

सुर खस्किन्छ। त्यसैले ‘विमल ब्रान्ड’ को हार्मोनियम गुणस्तरीय उत्पादन होस् भनेर जोड दिइरहेको भन्दै भक्तिगीत, आधुनिक, सुगम, फिल्मी, शास्त्रीय गायन, गीत, सङ्गीतका लागि रु ३५ हजारभन्दा माथि मूल्यको हार्मोनियम खरीद गर्नुपर्ने उनको सुझाव छ।

“हामी १५ हजारदेखि दुई लाखसम्मको हार्मोनियम उत्पादन गर्छौं”– उनले भने। अर्डर अनुसार हार्मोनियम तयार गर्छौं। कतिपय भर्खरै गायन, सङ्गीत क्षेत्रमा आउने कलाकारहरू हार्मोनियम किन्न र बुझ्न पनि आउँछन्। उनीहरूलाई जाने, बुझे, भोगेसम्मका अनुभव सुनाउने गर्छु। गायन, सङ्गीत क्षेत्रमा भर्खरै प्रवेश गर्नेहरूले कामचलाउ, सस्तो मूल्यको हार्मोनियम किन्छु भन्नेहरूलाई विमल प्रेमभावले सम्झाउने, बुझाउने कोशिश गर्छन्। अहिले हतार नगर्नुस्। बरु दुई/चार महीनापछि किन्नुस्। तर राम्रो गुणस्तरीय रिड भएको, टिकाउ खालको किन्न उनी सुझाव दिन्छन्। यसरी सम्झाएका केही कलाकार चर्चित भइसकेका छन्।

अहिलेका ख्यातिप्राप्त, चर्चित गायक, सङ्गीतकारहरू दीप श्रेष्ठ, न्हु बज्राचार्य, आनन्द कार्की, रामकृष्ण ढकाल, शिव परियार, अञ्जु पन्त, प्रमोद खरेल, राजेश पायल राई, राज सिग्देल, इन्दिरा जोशी, राजु लामा, पशुपति शर्मा, चेतन कार्की, मेनुका पौडेल, कमल खत्री, मेलिना राई, अस्मिता अधिकारी, रचना रिमाल, निशान भट्टराई, प्रताप दासलगायत थुप्रै कलाकारको हार्मोनियम मरम्मत अनि सुर अर्थात् ट्युनिङ गर्ने गरेको उनले बताए। वरिष्ठ सङ्गीतकारहरू दीपक जङ्गम, प्रकाश गुरुङ, चन्दन श्रेष्ठ, शम्भुजीत बाँस्कोटा, कालीप्रसाद बाँस्कोटा, वसन्त सापकोटा, दिनेश सुब्बा, शक्तिवल्लभलगायत कलाकारहरूको हार्मोनियमको पनि मरम्मत र ट्युनिङ गरेको छु, उनले भने।

“भारतीय रियालिटी शोका चर्चित नेपाली गायिका मेनुका पौडेलले पनि ‘विमल ब्रान्ड’को हार्मोनियम किनेर लग्नुभएको छ। हार्मोनियमको आवाज मीठो छ। मेहनतका साथ ट्युनिङ गरेर दिएको छु। अहिलेसम्म कुनै गुनासो आएको छैन”–खुशी हुँदै विमलले भने।

पैसा मात्रै कमाउने रहर मात्र होइन, सेवा गर्ने रहरले नै होला अहिले यहाँसम्म आइपुगेको छु। विगतलाई एक छिन सम्झँदै उनले भने। आम्दानीको हिसाबले यस पेशाबाट सन्तुष्ट छु। शायद भगवान्ले पनि यही कर्म गर भनेर माथिबाट खटाएको हुनुपर्छ। कहिल्यै यो कामबाट विमुख भइनँ।

उनको ‘विमल ब्रान्ड’को हार्मोनियम संसारमा फैल्याउने सपना अनि योजना छ। “जसरी बुद्ध लामा दाइले नेपाली बाँसुरी उत्पादन गरेर ख्याति कमाउनुभएको छ। त्यसरी नै आफ्नो पनि नाम कमाउने उद्देश्य छ”–उनले भने। आफ्नो शेषपछि पनि आफ्ना सन्तानले यही पेशा अँगालून् भन्ने उनको चाहना छ।

यही भदौ ७ गते शुक्रवार करीब ५:४५ बजे उनको हार्मोनियम पसलमा पुग्दा उनी एउटा हार्मोनियम खोलखाल गरी सफा गर्दै थिए। मैले कसको हार्मोनियम हो भनी सोध्दा उनले वरिष्ठ गीतकार कालीप्रसाद रिजाल भएको बताए।

हालसम्म चार ठाउँमा हार्मोनियमको स्टोर रहेको र थप एउटा केही महीनापछि खुल्ने उनले बताए। काठमाडौं उपत्यकाभित्र हार्मोनियम मरम्मत र ट्युनिङ गर्न कसैले बोलाउँदा भ्याएसम्म पुग्ने गरेको विमलले बताए।

सन् २०२२ मा काठमाडौंस्थित होटल हयातमा ३० वर्ष उमेरभित्र एक हजारभन्दा बढी हार्मोनियमको ट्युनिङ मरम्मत गर्ने आफू संसारको पहिलो व्यक्ति भएको र युनिक वर्ल्ड रेकर्डमा दर्ता पनि भएको विमल साहले बताए। सो वर्ल्ड रेकर्डका लागि नेपाल, भारत, पाकिस्तानलगायत विश्वका सयौंले दिएको आवेदनमध्ये ३६ जना छनोट भएकामध्ये पहिलो भएबापत नेपाल सरकारबाट एक लाख पाँच हजार रकमबाट सम्मानित भएको उनले बताए।

# हरितगृह ग्याँस उत्सर्जन घटाउनका वृक्षारोपण –मुख्यमन्त्री सिंह

प्रस, जनकपुरधाम, ९ भदौ/

मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले विश्वव्यापीरूपमा भइरहेको हरितगृह ग्याँस उत्सर्जन घटाउनका लागि वृक्षारोपण तथा दिगो वन व्यवस्थापन महत्त्वपूर्ण उपाय भएको बताएका छन् ।

धनुषाको बटेश्वर गाउँपालिकास्थित ८२ बिघा क्षेत्रफलमा लगाइएका छ हजार आँपका बोट फँडानी गरी सोलार प्लान्ट लगाउन लागेको सम्बन्धमा ध्यानाकर्षण गराउन आएका वातावरण अभियन्ताहरूसँग आइतवार छलफल गर्दै मुख्यमन्त्री सिंहले सो कुरा बताएका हुन् ।

आँप बगैंचा फँडानी गरी जग्गा भाडामा दिने किसानको बाध्यताबारे अभियन्ता टोलीले मुख्यमन्त्री सिंहलाई ध्यानाकर्षण गराउँदा उनले वन व्यवस्थापनमा जोड दिइने बताएका हुन्।

जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा फूलगेन मगहीसहितका अभियन्तासँग कुरा गर्दै मुख्यमन्त्री सिंहले सोलार प्लान्टका लागि कृषि प्रयोजनबाट बाँकी रहने नदी उकास जग्गा दिने विषयमा गृहकार्य भइरहेको जानकारी दिए। “सोलार प्लान्ट राष्ट्रिय


तस्वीर: रासस

प्रसारण ग्रिडको निश्चित दूरीमा रहनुपर्ने भएकोले अन्यत्र राख्न केही समस्या छ तर यसको समाधान खोजिनेछ,” उनले भने ।

बटेश्वर क्षेत्रमा कृषि विद्युतीकरण तथा डीप बोरिङमार्फत सिंचाइ व्यवस्थापन र आँप भण्डारण गर्न कोल्ड स्टोर बनाउन सम्बन्धित मन्त्रालयलाई निर्देशन दिएको बताउँदै मुख्यमन्त्री सिंहले मधेस प्रदेशमा आँपको पकेट क्षेत्र प्रवर्द्धनका लागि सरकारले आवश्यक पूर्वाधार विकासलगायत काम गरिरहेको जानकारी दिए ।

मुख्यमन्त्री सिंहलाई अभियन्ता टोलीले बुझाएको ज्ञापनपत्रमा आँप किसान लक्षित कोल्डस्टोर निर्माण, नीलगाई व्यवस्थापन, नमूना पकेट क्षेत्र अनुसार किसानलाई अनुदान र आँपखेतीका लागि विशेष अनुदानमा कीटनाशक औषधि, मलखाद र उपकरणको व्यवस्था, सिंचाइ तथा बजार व्यवस्थापन गरिदिन प्रदेश सरकारसँग आग्रह गरिएको छ ।

# मधेस प्रदेशमा औरही गापा प्रथम, कलैया द्वितीय

प्रस, जनकपुरधाम, ९ भदौ/

धनुषाको औरही गाउँपालिका




स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा मधेस प्रदेशकै सर्वोकृष्ट भएको छ ।

संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा)मा मधेस प्रदेशका १३६ वटा पालिकामध्ये धनुषाको औरही गाउँपालिका कार्यालय ८३.७५ अङ्क ल्याएर प्रथम भएको हो ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आर्थिक वर्ष २०७९/८० को मूल्याङ्कन नतीजा सार्वजनिक गरेको हो । जसमा मधेस प्रदेश अन्तर्गत धनुषाको औरही प्रथम, बाराको कलैया उपमहानगरपालिका ८१.२ अङ्कसहित दोस्रो र रौतहटको गौर नगरपालिका ८० अङ्कसहित तेस्रो भएको छ ।

त्यसैगरी, धनुषाको लक्ष्मीनिया गाउँपालिका ७९.२५ अङ्क पाएर चौथो भएको छ भने बाराको परवानीपुर गाउँपालिका ७८.२५ सहित प्रदेशकै पाँचौं, सिराहाको सिराहा नगरपालिका ७७.७५ अङ्क ल्याएर छैटौं स्थान प्राप्त गरेको छ ।

स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनका विभिन्न १० वटा विषयगत क्षेत्र छन् । जसमा शासकीय प्रबन्ध, सङ्गठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवं आर्थिक व्यवस्थापन, सेवाप्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, सहकार्य र समन्वय छन्।

यी सबै विषयगत क्षेत्र अन्तर्गत जम्मा १०० वटा सूचक रहेका छन्। अङ्क प्राप्त गर्न स्थानीय तहले आवश्यक सबै कागज/प्रमाण राखेर नियमितरूपमा सूचक भरिराख्नुपर्ने हुन्छ ।

सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको कार्य प्रक्रिया तथा उपलब्धिको लेखाजोखा गरी शासकीय प्रक्रिया र विकास व्यवस्थापनमा गर्नुपर्ने सुधारका क्षेत्रहरू पहिचान गर्दै आवधिक समीक्षाको आधार प्राप्त र स्थानीय सरकारबीच स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराउन संस्थागत क्षमता स्वमूल्याङ्कनको गुणस्तर परीक्षण गरी हरेक वर्ष नतीजा प्रकाशन गर्दै आएको छ ।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |




# खेलकूदको संसार

## नेपाल साफ च्याम्पियनशिपको फाइनलमा

काठमाडौं, ९ भदौ/रासस

भुटानलाई पराजित गर्दै नेपाल साफ यू–२० च्याम्पियनशिपको फाइनलमा पुगेको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा आइतवार भएको पहिलो सेमिफाइनलमा नेपालले टाइब्रेकरमा भुटानलाई ४–१ ले पराजित गर्दै फाइनलमा स्थान बनाएको


तस्वीरः सौजन्य

हो ।

नेपालका गोलकीपर जियारथ शेखले टाइब्रेकरमा भुटानका तीन खेलाडीको प्रहार बचाएपछि नेपालको जीत सुनिश्चित भएको हो। टाइब्रेकरको पहिलो प्रहारमा नेपालका लागि राम थापा र भुटानका जेत्सन दोर्जीले गोल गरे। त्यसपछि दोस्रो प्रहारमा नेपालका अविनाश स्याङ्तानले गोल गर्दा भुटानका जिग्मे नाम्गेलको प्रहार बाहिरियो ।

त्यस्तै, नेपालका सीमान्त थापाले तेस्रो प्रहारमा गोल गर्दा भुटानका उग्वेन जिग्मेको प्रहार जियारत शेखले नै बचाए। चौथो प्रहारमा जियारतले गोल गर्दै नेपाललाई फाइनल पुऱ्याए ।

त्यस अघि खेलको निर्धारित ९० मिनेटमा दुवै टोलीले १–१ गोल गरेका थिए। खेलको ५६औं मिनेटमा भुटानले अग्रता लिएको थियो । जेत्सन दोर्जीले पेनाल्टी क्षेत्र बाहिरबाट गरेको प्रहार गोलमा परिणत भएको थियो ।

भुटान खेलको ७७औं मिनेटमा १० खेलाडीमा सीमित बन्यो। भुटानका किन्जाङ तेन्जिङलाई रेफ्रीले रातो कार्ड देखाउँदै बाहिर पठाएका थिए। किन्जाङले नेपालका खेलाडीमाथि फाउल गरेका थिए। खेलको ७८औं मिनेटमा नेपालले बराबरी गोल फर्कायो। रातो कार्डपछि नेपालले पाएको फ्रीकिक बलबाट आएको पासबाट नीराजन धामीले करीब सिक्स यार्ड बक्समा हेड गर्दै बललाई जाली चुमाए ।

च्याम्पियनशिपको दोस्रो सेमिफाइनलमा भोलि भारत र बङ्गलादेशबीच प्रतिस्पर्धा हुनेछ ।

## ताप्लेजुङ गोल्डकप: टिकट बिक्रीबाट १३ लाख बढी आम्दानी

फुङलिङ (ताप्लेजुङ), ९ भदौ/रासस

ताप्लेजुङमा जारी अन्तर्राष्ट्रिय आमन्त्रण दोस्रो ताप्लेजुङ गोल्डकप फूटबल प्रतियोगितामा टिकट बिक्रीबाट अहिलेसम्म रु १३ लाख ६३ हजार सात सय सङ्कलन भएको छ। प्रतियोगिताको सेमिफाइनलसम्मका खेलहरूमार्फत उक्त रकम सङ्कलन भएको हो ।

आयोजक लाखेजात्रा सञ्चालन समितिका कोषाध्यक्ष निरोज श्रेष्ठका अनुसार शुक्रवार र शनिवार दुई दिनमा मात्रै सेमिफाइनल खेलहरूबाट रु छ लाख ५२ हजार आठ सय सङ्कलन भएको थियो। शनिवारको खेलबाट मात्र रु तीन लाख ४४ हजार र शुक्रवारको खेलबाट रु तीन लाख आठ हजार आठ सय सङ्कलन भएको उनले जानकारी दिए ।

यस अघि क्वार्टरफाइनल चरणका चार खेल सम्पन्न हुँदा रु सात लाख १० हजार नौ सय रकम सङ्कलन भएको थियो। सेमिफाइनल खेलका लागि टिकट दर प्रतिव्यक्ति रु दुई सय तोकिएको थियो भने क्वार्टरफाइनल खेलमा रु एक सय राखिएको थियो। फाइनल खेल यही भदौ १० गते सोमवार सम्पन्न हुनेछ। फाइनल खेल हेर्नका लागि टिकट दर रु दुई सय ५० निर्धारण गरिएको आयोजकले जनाएको छ ।

समितिका अध्यक्ष देवराज गुरुङले यस वर्ष टिकट बिक्रीबाट रु २० लाखसम्मको आम्दानी गर्ने लक्ष्य राखिएको बताए। प्रतियोगिताको विजेताले ट्रफी, मेडल, प्रमाणपत्रसहित रु पाँच लाख नगद पुरस्कार प्राप्त गर्नेछ भने उपविजेताले रु दुई लाख ५० हजार ५५५ नगद पुरस्कार पाउनेछ। टिकट बिक्रीबाहेक प्रतियोगिताका लागि अन्य माध्यमबाट आर्थिक सहयोग सङ्कलन भइरहेको समितिले जनाएको छ ।

# तिलावे नदीमा बेपत्ता समीरको शव भेटियो

प्रस, वीरगंज, ९ भदौ/

बहुदरमाई नगरपालिकास्थित तिलावे नदीमा नुहाउन जाँदा हिजो दिउँसोदेखि हराएका समीर देवानको शव आइतवार मृत अवस्थामा भेटिएको छ। समीरको शव उनी नुहाउन गएको स्थानदेखि करीब पाँच सय मिटर टाढा भेटिएको सशस्त्र प्रहरी निरीक्षक विकाश अधिकारीले बताए । हिजोदेखि बेपत्ता समीरलाई सशस्त्र प्रहरीको टोलीले खोजतलाश गरिरहेको थियो ।

समीर बहुदरमाई नगरपालिका–२ निवासी असलम देवानका छोरा हुन् । उनीसमेत शनिवार तिलावे नदीमा तीनजना पौडी खेल्न गएका थिए ।

# सामुदायिक श्रीपुरद्वारा सचेतनामूलक कार्यक्रम



प्रस, वीरगंज, ९ भदौ/

सामुदायिक सेवा केन्द्र, श्रीपुर मुर्लीले आइतवार वीरगंज–११ त्रिमूर्तिटोलमा लैङ्गिक हिंसासम्बन्धी सचेतनामूलक पर्चा वितरण गरेको छ । केन्द्रका वरिष्ठ उपाध्यक्ष जयलाल साह कानू, सचिव कुलनारायण प्रधान, सदस्य निर्मल ताम्राकार, प्रहरी हवलदार सुभाषप्रसाद यादव, प्रसह लालूमाया महतो, प्रज राजु चौरसियालगायतले टोलका महिला, पुरुष, बालबालिकालाई महिला हिंसाविरुद्ध सचेतनामूलक पर्चा वितरण गरेका थिए।

यसैगरी, केन्द्रले आइतवार ट्राफिक सचेतनासम्बन्धी जनचेतनामूलक कार्यक्रम गरेको छ ।

**सर्पको टोकाइबाट बचौं**

- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- झाडी एवं खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको प्रयोग गरौं,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्च लाइटको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियारी अपनाऔं,

**यदि सर्पले टोकमा नजीकको सर्पदंश केन्द्र वा अस्पतालमा लैजाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड